'मजदुर'
विज्ञापन शाखा
कमलविनायक, नगांचा, भक्तपुर-१०
फोन नं.: ०१-६६१९१०७
विज्ञापनको लागि
Viber No.: 9744424465
Gmail:
majdurdailybigyapan@gmail.com
मजदुर
The Worker Daily दैनिक

भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६
भ.पु.जि.हु.का.द.नं. २/०७०/७१

# मजदुर

The Worker Daily दैनिक
Website : www.onlinemajdoor.com

संविधान दिवस भव्यरुपमा मनाऔं
❖ संविधान देशको मुल कानून हो,
❖ नेपालको संविधानको मूल्य, मान्यता र सिद्धान्तको सबैले सम्मान र पालना गरौं,
❖ नेपालको संविधान जारी भएको दिन असोज ३ गते राष्ट्रिय उत्सवका रुपमा मनाऔं,
❖ संविधानप्रदत्त मौलिक हक र अधिकारसँगै कर्तव्य पनि जिम्मेवारीपूर्वक पूरा गरौं,
❖ संविधानले सुनिश्चित गरेका समानता, स्वतन्त्रता, सामाजिक न्याय र समावेशिताको सम्मान गरौं,
❖ विधिको शासन, लोकतन्त्र, गणतन्त्र र संघीयताको सुदृढीकरणमा योगदान गरौं ।
संविधानको प्रभावकारी कार्यान्वयनमार्फत सुशासन र समृद्धिको आधार बलियो बनाऔं ।
नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : २३९ ★ ने. सं. ११४६ ञला थ्व, अष्टमी ★ शनिबार ★ ३ असोज, २०८३ ★ September 19, 2026, Saturday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८

## देशमा हुने घटनाको जिम्मेवारी तत्कालीन शासकहरूले लिनुपर्ने

काठमाडौँ, २ असोज । २३ र २४ भदौ २०८२ को घटनापछिको संसदीय निर्वाचनको शैलीले हिजोसम्म सरलतापूर्वक हार-जित हुने सम्झिरहेका मतदाताहरूले संरा अमेरिका, भारत र अन्य पुँजीवादी देशहरूमा कसरी निर्वाचन जित्ने उपाय लगाउँदा रहेछन् भनी बुझ्न बाध्य पाऱ्यो ।

नेका, एमाले, नेकपा (प्रचण्डले नेतृत्व गरेको दल) समाजवादी भनिने अन्य दलहरू, राप्रपाले अबदेखि थोरै रकमले चुनाव जित्नुभन्दा 'डलर' वा 'सयगुणा' बढी रकम चाहिने अनुभव गरे ।

यसको अर्थ हो - राष्ट्रिय स्वतन्त्र पार्टीले जस्तै विदेशी, सेना, प्रहरी, गुप्तचर विभाग र कर्मचारीहरूसमेत सक्रिय हुने उपायको निम्ति संरा अमेरिकाको सहयोग र समर्थन लिनुपऱ्यो - अन्यथा आफ्नै शासक दलकै पछि लाग्नुपर्ने भयो भन्ने निष्कर्षमा पुग्दै छन् ।

हिजोका शासक दलका पूर्वप्रधानमन्त्रीहरू र भर्खर 'उपद्रव' बाट नेता बनेका युवाहरूसँग एकताको हात जोड्ने हो भने दुविधा र लाज कसरी बचाउने हो भन्नेबारे राजनीतिक विश्लेषकहरू चिन्तित छन् ।

हिजो प्रशासनलाई मनपरी गरी निर्वाचनलाई आफ्नो पक्षमा लिइआएका शासक दलका नेताहरूले 'ल आउ त रास्वपाको भावना' र 'व्यवहारसँग समर्पण' गरून् वा ती विदेशी चुनावका विशेषज्ञहरूसित आत्मसमर्पण गर्नुबाहेक अर्को उपाय अकल्पनीय छ ।

तर, रास्वपाको सरकार 'गुलाबको ओछ्यान' मा होइब बरू कोडोको ओछ्यानमा छ - बुझेमा वा बुझ्न खोजेमा ! 'कृष्णभिरको सडक' र 'मेलम्ची खानेपानी योजना' मा जसरी हिजोका प्राविधिकहरू र सरकार जिम्मेवार छन्, त्यस्तै रसुवाको 'भोटेकोसी बाढी' ले गरेको विध्वंसमा २०८२ साल भदौ २३-२४ को विध्वंसको जिम्मेवारीबाट यो सरकार मुक्त हुनैसक्दैन । 'अल्पकालीन राहतमा ९ अर्ब', दीर्घकालीन पुन:निर्माणमा ७ खर्ब ! (अन्नपूर्ण, २६ भदौ, २०८३) भनेर जसरी अर्थमन्त्रीले अनुमान गरे, त्यसबारे सारा नेपाली जनताले चर्को खबरदारी गर्नुपर्ने विषय हो - दीर्घकालीन पुन:निर्माणको ७ खर्ब भर्न विश्व बैङ्क, अन्तर्राष्ट्रिय मुद्रा कोष र एसियाली विकास बैङ्कसँग डलरको ब्याज दिनुपर्ने ऋण लिन दिनुहुन्न । त्यस्ता सोच र कुकर्म देशलाई दशकौँसम्म ऋणी र दास बनाउने सोच हो । अर्थमन्त्री स्वर्णिम वाग्ले अन्तर्राष्ट्रिय मुद्रा कोषका कर्मचारी र अहिले एजेन्ट हुने सम्भावनालाई इन्कार गर्न सकिन्न ।

'भोटेकोसी' बाढीमा निजी क्षेत्रको झन्डै ३ खर्बको क्षति' । (कान्तिपुर) राष्ट्रिय योजना आयोगको सूत्रअनुसार 'बाढीबाट समग्रमा ४ खर्ब ८ अर्ब क्षति, पुनर्निर्माणको लागि ७ खर्ब २३ अर्ब ३१ करोड आवश्यक पर्ने प्रारम्भिक अनुमान' बताइएको छ ।

तर, समस्या यहीँ टुङ्गिन्न, ६०७ विदेशीको न मृत्युको प्रमाण, न जीवनको खबर ! (कान्तिपुर, १ असोज २०८३) को समाचारले पर्यटन क्षेत्र गम्भीर भएन भने नेपालको विदेशी अन्तर्राष्ट्रिय पर्यटन उद्योगमा सङ्कट आउने खतरा छ; जोगाउन तयारी आवश्यक छ ।

'तीन महिनामै खाद्यान्नमा ३२ प्रतिशतसम्म मूल्यवृद्धि', 'संसद्मा दिनहुँ उठ्छ आवाज, नियन्त्रण प्रयास भने शून्यप्राय :' (राजधानी, ३१ भदौ २०८३) । कुनै एक राजनीतिक दलको निर्वाचन घोषणापत्रको मस्यौदा गर्ने व्यक्तिले आफूलाई उम्मेदवार नबनाउँदा दलबदल गरे; त्यस्ता अनैतिक गर्ने व्यक्तिको हातमा अहिले देशको अर्थतन्त्र परेको छ, त्यो व्यक्तिले कुनै पनि बेला देशको

बाँकी पृष्ठ ३ मा

## भक्तपुर नगरपालिकाद्वारा ताइची प्रशिक्षण सुरु



भक्तपुर, ३ असोज । भक्तपुर नगरपालिकाले नगरवासीको स्वास्थ्य प्रवर्द्धन गर्ने उद्देश्यले ताइची खेल प्रशिक्षण कार्यक्रम सञ्चालन गरेको छ ।

नगरपालिकाको आयोजनामा सञ्चालन गरिएको प्रशिक्षणको उद्घाटन भक्तपुर नगरपालिकाका प्रमुख सुनिल प्रजापतिले गर्नुभयो ।

कार्यक्रममा नगर प्रमुख प्रजापतिले नगरका विभिन्न वडामा क्रमश: ताइची प्रशिक्षण विस्तार गर्दै लैजाने बताउनुभयो ।

उहाँले प्रभावकारी प्रशिक्षणका लागि दक्ष प्रशिक्षक आवश्यक हुने भएकोले प्रशिक्षक उत्पादनमा समेत नगरपालिकाले ध्यान दिएको जानकारी दिनुभयो ।

"प्रशिक्षक राम्रो भए खेलको प्रभावकारिता पनि राम्रो हुन्छ । आफू प्रशिक्षक बन्ने हिसाबले पनि सिक्नुपर्छ," उहाँले भन्नुभयो ।

नगरवासीको स्वास्थ्य राम्रो बनाउने उद्देश्यले कार्यक्रम सञ्चालन गरिएको उल्लेख गर्दै उहाँले नियमित व्यायामसँगै खानपानमा पनि ध्यान दिनुपर्ने बताउनुभयो ।

भक्तपुरका परम्परागत नाच तथा सांस्कृतिक गतिविधिहरू पनि व्यायामसँग सम्बन्धित रहेको उल्लेख गर्दै नगर प्रमुख प्रजापतिले व्यायाम गर्न सहज हुने पोसाक लगाउनुपर्ने बताउनुभयो ।

कार्यक्रममा वडा नं. १ का वडाध्यक्ष श्यामकृष्ण खत्रीले ताइची प्रशिक्षक उत्पादन गर्ने उद्देश्यले ४५ दिने प्रशिक्षण सञ्चालन गरिएको जानकारी दिनुभयो । ताइची अभ्यासले शरीरका

बाँकी पृष्ठ ८ मा

## समाजवादउन्मुख संविधान व्यवहारमा लागू गर्नु आवश्यक

काठमाडौँ, २ असोज । संविधानसभाबाट निर्वाचित जनप्रतिनिधिहरूले बनाएको संविधान एक दशकभन्दा बढी भयो । यो बेलासम्म पनि संविधान पूर्णत: व्यवहारमा लागू भएको छैन । आफूले बनाएको संविधान व्यवहारमा लागू नगर्ने, लागू गर्न पहल नगर्ने सरकारले देश र जनताको लागि अरू थप काम गर्ला भनेर कसरी विश्वास गर्ने ? संविधानमा उल्लेख भएअनुसार देश समाजवादउन्मुख बनेको छैन । बरु, देश झन्झन् पुँजीवादउन्मुख र परनिर्भर हुँदै विदेशीको इसारामा चलिरहेको छ भन्ने विश्लेषण राजनीतिक विश्लेषक र लेखकहरूको रहेको छ ।१२/१३ वर्ष बितिसक्दा पनि समाजवादउन्मुख दिशामा लान नसक्नु या नलानुको कारण सरकारको प्रतिनिधित्व गर्ने दल पुँजीपतिवर्गको हो भन्ने थाहा हुन्छ । पुँजीपतिवर्गको प्रतिनिधित्व गर्ने दल समाजवादउन्मुख दिशातर्फ अघि बढ्दैन; अघि बढेको छैन ।

संविधानमा माध्यमिक तह (१२ कक्षा) सम्म नि:शुल्क हुने बन्दोबस्त छ । तर, यो पनि व्यवहारमा लागू भएको छैन । सरकारले लागू गर्नुपर्ने हो । १२ कक्षासम्म नि:शुल्क शिक्षा कहिलेदेखि लागू हुन्छ ? के अहिले बनेको सरकारले देशलाई समाजवादउन्मुख बनाउला ? के १२ कक्षासम्म नि:शुल्क बन्दोबस्त होला ? संविधानमा रहेका कति बुँदा अप्रजातान्त्रिक छन् । प्रजातान्त्रिक देशमा कुनै दलले प्राप्त गरेको मतको आधारमा 'राष्ट्रिय' दल हुने र नहुने गरी मापदण्ड निर्धारण गर्नु हुँदैन । दललाई ठुलो र सानोको आधारमा 'राष्ट्रिय' र 'अराष्ट्रिय' दलमा बाँध्नु हुँदैन । नेपालको सन्दर्भमा देशलाई दुर्गति, बेथितितर्फ लैजाने काम ठुला दलहरूले नै गरेका हुन् । भ्रष्टाचार, अनियमितता, बेथिति र देशघाती सन्धि सम्झौता ठुला दलका नेताहरूले नै गरेका हुन् ।

बाँकी पृष्ठ ८ मा

## देशको अवस्थाबारे उठेका प्रश्न

● गएको भदौ १० गते भोटेकोसीमा आएको हिमपहिरोमा परेको धादिङको गजुरी गाउँपालिका ६ बेल्खुस्थित त्रिशुली र आसपासका नदी किनाराका उजाड ठाउँ बालुवा र ग्रेगर थुप्रो पार्ने अहिले एक हजार मजदुरहरूको रोजगारीको स्थान भएको सार्वजनिक भयो । ती मजदुरको आवाज थियो- 'सरकार, राहतका बोराहरू पक्की घरका आँगनमा मात्र थुपारिए । हाम्रा भग्नावशेषमाथिका छाप्रामा त केवल भोकले रूने बालबालिकाको आवाज गुञ्जियो । त्यसैले त हामी फेरि पुरानै ठाममा फर्कियौँ, जसले हाम्रो सदस्य खोसेको थियो ।' रास्वपा सरकारले हिमपहिरो पीडित जनताको यो आवाज कहिले र कसरी सम्बोधन गर्ने होला ?

● वर्ल्ड वेदर एट्रिब्युसनका वैज्ञानिकहरूले

बाँकी पृष्ठ ३ मा

### व्यङ्ग्यचित्र कुनो




जनता म्वा:सा, भाषा म्वाङ
थ्वहे वइगु ने.सं. ११४६ कौलाथ्व द्वादशी व त्रयोदशी (कार्तिक ६ व ७ गते) नेन्हुयकं सुथायसिया ११:०० ता:इलय् निसिं याता, गोमारी-७, ख्वपय् जुइजु
पीखुकगु नेपालभाषा साहित्य त:मुंज्या व सांस्कृतिक ब्वज्या
त:जिक हानेता च्वसु (साहित्य) व सांस्कृतिक विधा दुथ्याक: दियता इनाप याङ: च्वङा । नपां फयांफक्व हापं बियो त:मुंज्या स्वभ्कायता इनाप याङ: च्वङा ।
च्वसु (साहित्य) व सांस्कृतिक दु:थ्याकेगु थाय्
क) पीखुकगु नेपालभाषा साहित्य त:मुंज्या, ग्वसाखल: गोमारी-७, ख्वप
Email: 46tamunjya1146@gmail.com
ख) Email: tamunjya1100@gmail.com
ग) 'मजदुर' दैनिक, कमलविनायक, नगांचा, भक्तपुर-१०
स्वापुया निंतिं :
☎ : ०१-५९२५४६९ : nepalbhasatamunjya : 46tamunjya : tamunjya : 46Tamunjya
: NBSTamunjya : 46tamunjya1146@gmail.com : tamunjya1100@gmail.com : https://tamunjya.com
पीखुकगु नेपालभाषा साहित्य त:मुंज्या
ग्वसाखल: गोमारी-७, ख्वप
स्वापु ल्या: ०१-५९२५४६९
सुचं : त:मुंज्यासं दुथ्याकेगु साहित्यया खाँग्व: २००० स्वयो म्हवाँ व १० मिनेटया दुनय् ब्वने सिधय्के म: ।
साहित्य व सांस्कृतिक विधा दुथ्याकेगु लिपांगु न्हि ल्या : नेपाल सम्बत ११४६ ञलागा त्रयोदशी (२०८३ असोज २२), बिहीबा: तक

# भक्तपुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### ब्यासी-२, भक्तपुर

# गुन्हीपुन्ही सापारु धें धें बला कासा २०८३ को नतिजासम्बन्धी सूचना

भक्तपुर नगरपालिकाद्वारा गुन्हीपुन्ही सापारु पर्व २०८३ को अवसरमा २०८३ भदौ १३ गते सापारुको दिन प्रदर्शन गरिएका घिंताङघिसी र माक प्याखं तथा भदौ १५ गतेदेखि भदौ १९ गतेसम्म प्रदर्शन गरिएका सांस्कृतिक विधाहरूको नतिजा देहायबमोजिम रहेका छन् ।

| क्र.सं. | सांस्कृतिक विधाहरूको नाम | परिणाम | | | | |
|---|---|---|---|---|---|---|
| | | प्रथम | द्वितीय | तृतीय | सान्त्वना | सहभागी |
| १ | दैत्य प्याखं | ख्वप देवी प्याखं महाकाली नाच खल:, लैको ५ | निओ फ्युजन बाजा समूह, इनाचो ७ | मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, भनपा ५, | जेन्युइन सेकेन्डरी स्कूल, देकोचा १० | महालक्ष्मी नाच खर्बुजा समूह, दोक्छें |
| २ | देवी प्याखं | मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, भनपा ५ | ख्वप देवी प्याखं महाकाली नाच खल:, लैको ५ | गलसी पुखु देवी प्याखं, भनपा ५ | जेन्युइन सेकेन्डरी स्कूल, देकोचा १० | महालक्ष्मी नाच खर्बुजा समूह, दोक्छें |
| ३ | भैल प्याखं | जेठा गणेश भैल प्याखं, भनपा ४ | विश्वकर्मा भैल प्याखं, भनपा ९ | तुछिमला भैल प्याखं, भनपा ६ | - | - |
| ४ | नागाचा प्याखं | सिद्धि गणेश सांस्कृतिक बाँसुरी बाजा समूह, चोर्चा ७ | खिछैं दाफा भजन खल: भनपा ५ | कमिचागल्ली बाँसुरी बाजा समूह, भनपा ९ | चोछैं सांस्कृतिक समूह, चोछैं ६ | - |
| ५ | लाखे प्याखं | खिछैं दाफा भजन खल:, भनपा ५ | पासा पुच: भनपा ९ | कमिचागल्ली बाँसुरी बाजा समूह, भनपा ९ | श्री बाराही नाच, भनपा ३ | विश्वकर्मा भैल प्याखं, भनपा ९, सिद्धि गणेश सांस्कृतिक बासुरी बाजा समूह, चोर्चा ७, निओ फ्युजन बाजा समूह, इनाचो ७, ख्वप मावि, देकोचा ६, मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, भनपा ५ |
| ६ | जङ्गली प्याखं | खिछैं दाफा भजन खल: भनपा ५ | ख्वप देवी प्याखं महाकाली नाच खल:, लैको ५ | निओ फ्युजन बाजा समूह, इनाचो ७ | गलसी पुखु देवी प्याखं, भनपा ५ | मको लुसी प्याखं खल:, भनपा ९, मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, भनपा ५, जेन्युइन सेकेन्डरी स्कूल, देकोचा १०, महाकाली नाच खर्बुजा समूह, भनपा ३, ख्वप मावि, देकोचा ६, सिद्धि गणेश बाँसुरी बाजा समूह, भनपा ७, श्री बाराही नाच, तेखापुखु ३ |
| ७ | खिचा प्याखं | विश्वकर्मा भैल प्याखं, भनपा ९ | जेठा गणेश भैल प्याखं, भनपा ४ | तुछिमला भैल प्याखं, भनपा ६ | मको लुसी प्याखं, भनपा ९ | - |
| ८ | ख्या प्याखं | गलसी पुखु देवी प्याखं, भनपा ५ | तुछिमला भैल प्याखं, भनपा ६ | ख्वप देवी प्याखं महाकाली नाच खल:, लैको ५ | मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, भनपा ५ | जेन्युइन सेकेन्डरी स्कूल, देकोचा १०, विश्वकर्मा भैल प्याखं, भनपा ९, महाकाली नाच खर्बुजा समूह, भनपा ३ |
| ९ | कवांचा प्याखं | विश्वकर्मा भैल प्याखं, भनपा ९ | खिछैं दाफा भजन खल:, भनपा ५ | ख्वप देवी प्याखं महाकाली नाच खल:, लैको ५ | गलसी पुखु देवी प्याखं, भनपा ५ | तुछिमला भैल प्याखं, भनपा ६, जेठा गणेश भैल प्याखं, भनपा ४, जेन्युइन सेकेन्डरी स्कूल, देकोचा १०, महाकाली नाच खर्बुजा समूह, भनपा ३, मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, भनपा ५, श्री बाराही नाच, भनपा ३ |
| १० | कलाँली प्याखं | मको लुसी प्याखं खल, भनपा ९ | पासा पुच:, सूर्यमढी, भनपा ९ | कमिचागल्ली बाँसुरी बाजा समूह, भनपा ९ | | |
| ११ | हुला प्याखं | आस्था सांस्कृतिक परिवार, लिबाली ८ | आरम्भ वाद्यशाला, खौमा ३ | जेला सांस्कृतिक समाज, भनपा ८ | सांस्कृतिक समूह ६, भनपा ६ | मको लुसी प्याखं खल, भनपा ९, ब्यासी सांस्कृतिक समूह, भनपा २, पासा पुच:, भनपा ९, सिद्धि गणेश सांस्कृतिक समूह, चोर्चा ७ |
| १२ | लुसी प्याखं | सांस्कृतिक समूह ६, भनपा ६ | मको लुसी प्याखं खल, भनपा ९ | ब्यासी सांस्कृतिक समूह, भनपा २ | - | - |
| १३ | लाहुरे प्याखं | जेला सांस्कृतिक समाज, भनपा ८ | सांस्कृतिक समूह ६, भनपा ६ | ब्यासी सांस्कृतिक समूह, ब्यासी २ | पासा पुच:, सूर्यमढी, भनपा ९ | कमिचागल्ली बाँसुरी बाजा समूह, भनपा ९ |
| १४ | गाइँचा प्याखं | बालाखु गणेश सांस्कृतिक पुच:, सानो ब्यासी २ | स्टार वाचनालय, वाचुत्व ७ | खिछैं दाफा भजन, भनपा ५ | आरम्भ वाद्यशाला, खौमा ३ | ब्यासी सांस्कृतिक समूह, भनपा २, श्री चण्डेश्वरी धिमे पुच:, भनपा ५, सांस्कृतिक समूह ६, भ.न.पा. ६, कुथुछे समाज तँचा, बोलाछैं ४, कमिचागल्ली बाँसुरी बाजा समूह, भनपा ९, ऐक्यम सांस्कृतिक बाजा खल:, जैंला सांस्कृतिक समाज, भनपा ८, च्वङा गणेश धिमाय् खल, भनपा १, महालक्ष्मी प्याखं पुच:, भ.न.पा. १० |
| १५ | झ्याउरे प्याखं | सांस्कृतिक समूह ६, भनपा ६ | आरम्भ वाद्यशाला, खौमा ३ | जैंला सांस्कृतिक समाज, भनपा ८ | कमिचागल्ली बाँसुरी बाजा समूह, भनपा ९ | पासा पुच:, सूर्यमढी, भनपा ९, सिद्धि गणेश सांस्कृतिक समूह, चोर्चा ७, महालक्ष्मी प्याखं पुच:, थालाछैं १०, च्वङा गणेश धिमाय खल, भनपा १ |
| १६ | फाकंदली प्याखं | आस्था सांस्कृतिक परिवार, लिवाली ८ | आरम्भ वाद्यशाला, खौमा ३ | सांस्कृतिक समूह ६, भनपा ६ | निओ फ्युजन बाजा समूह, इनाचो ७ | मको लुसी प्याखं खल, भनपा ९, जैंला सांस्कृतिक समाज, भनपा ८, स्टार वाचनालय, वाचुत्व ७, भक्तपुर साकोस भनपा ९, ख्वप मावि, देकोचा ६, कमिचागल्ली, बाँसुरी बाजा समूह, भनपा ९, ब्यासी सांस्कृतिक समूह, भनपा २, ऐक्यम सांस्कृतिक बाजा खल:, सिद्धि गणेश सांस्कृतिक समूह, चोर्चा ७, राधाकृष्ण भजन मण्डल, चानपा ५, कुथुछे समाज तँचा, बोलाछैं ४, नेक्रासांसंघ ७ वडा एकाइ समिति, गणेश दाफा भजन, भार्वाचो, भनपा १, महालक्ष्मी प्याखं पुच:, भ.न.पा. १०, यातात दाफा भजन, झौखेल |
| १७ | ध्याच्चु प्याखं | पासा पुच:, भनपा ९ | सांस्कृतिक समूह ६, भनपा ६ | च्वङा गणेश धिमाय् खल, भनपा १ | महालक्ष्मी प्याखं पुच:, भ.न.पा. १० | - |
| १८ | नाटक | जैंला सांस्कृतिक समाज, भनपा ८ | च्वङा गणेश धिमाय् खल, भनपा १ | - | - | - |
| १९ | ख्याल | आस्था सांस्कृतिक परिवार, लिबाली ८ | दुमलाचा सांस्कृतिक परिवार, तालाक्व ४ | ख्वप कलेज, देकोचा ६ | आरोही समूह, लिबाली ८ | १० नं नगांचा समूह, भनपा १० |
| २० | साँय् सामिचा प्याखं | ब्यासी सांस्कृतिक समूह, भनपा २ | जैंला सांस्कृतिक समाज, भनपा ८ | - | - | - |
| २१ | भालु प्याखं | मको लुसी प्याखं खल, भनपा ९ | गणेश दाफा भजन, भार्वाचो, भनपा १ | - | - | - |
| २२ | माक प्याखं | श्री कोटदेवी दाफा भजन, झौखेल | राधाकृष्ण भजन मण्डल, चानपा ५ | यातात दाफा भजन, झौखेल | श्री यापी भैरव भजन मण्डल, झौखेल, चानपा ३ | गणेश दाफा भजन, भार्वाचो, भनपा १, श्रमिक साकोस, सुनपा, छालिङ जेठु गणेश, चानपा, गलसी पुखु देवी प्याखं, भनपा ५ |
| २३ | घिंताङघिसी | विष्णुकेशरी खायमली, भनपा ८ | कृष्णलाल लागेजु, नलिञ्चोक | बुद्धिबहादुर बनमालासमेत, खँचा ७ | न्हुछेभक्त प्रजापतिसमेत, तालाक्व ४<br>गोपीलाल फोजु, छालिङ नेपालभाषा साहित्य त:मुंज्या | - |
| २४ | सिंह प्याखं | गलसी पुखु देवी प्याखं,भनपा ५, विशेष स्थान | | | | |
| २५ | भौ मैचा | पासा पुच:, भनपा ९, विशेष स्थान | | | | |
| २६ | मथु प्याखं | पासा पुच:, भनपा ९, विशेष स्थान | | | | |
| २७ | हनुमान प्याखं | गणेश दाफा भजन, भार्वाचो, भनपा १, विशेष स्थान | | | | |
| २८ | म्हेखा प्याखं | गलसी पुखु देवी प्याखं, भनपा ५, विशेष स्थान | | | | |
| २९ | कपाँय् फेनेगु | पासा पुच:, भनपा ९, विशेष स्थान | | | | |
| ३० | साँ देश | महालक्ष्मी प्याखं पुच:, भ.न.पा. १० | | | | |
| ३१ | म्ये प्याखं | महाकाली नाच खर्बुजा समूह, भनपा ३ | | | | |
| ३२ | गीति नाटक | पासा पुच:, भनपा ९ | | | | |

विज्ञापनको बाँकी भाग पृष्ठ ३ मा

# ‘भर्मिकम्पोस्ट’ को तालिममा सहभागीहरूलाई प्रमाण वितरण

भक्तपुर, २ असोज । विश्वविद्यालय अनुदान आयोगको सहकार्यमा ख्वप कलेजको आयोजनामा गत पुस २७ देखि ३० गतेसम्म भएको ‘भर्मिकम्पोस्ट’ तालिममा सहभागीहरूलाई प्रमाणपत्र वितरण कार्यक्रम शुक्रबार सम्पन्न भयो ।

कार्यक्रममा भक्तपुर नगरपालिकाका उपप्रमुख एवं कलेज सञ्चालक समितिका उपाध्यक्ष रजनी जोशीले तालिम समय सापेक्ष रहेको उल्लेख गर्दै नगरको सफाइमा तालिमबाट सहयोग पुग्ने धारणा व्यक्त गर्नुभयो ।

भक्तपुर नगरमा दैनिक ३० टन फोहोर उठ्ने गरेको र त्यसमध्ये ७० प्रतिशत कुहिने फोहर भएकोले उक्त कुहिने फोहरबाट प्राङ्गारिक मल बनाई नगरपालिकाले सस्तो मूल्यमा कृषकहरूलाई वितरण गरिरहेको छ, उहाँले भन्नुभयो ।

कुहिने र नकुहिने फोहर छुट्याई विसर्जन गर्ने बानी बसाल्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले फोहरलाई पनि आम्दानीयोग्य बनाउन सके फोहरबाट उत्पन्न हुने समस्या समाधान हुनेछ भन्नुभयो ।

चुनौती र विपद्लाई अवसरको रूपमा परिवर्तन गर्नु जरूरी भएको उहाँले बताउनुभयो ।

ख्वप कलेजको प्राचार्य प्रकाशकुमार श्रेष्ठले कलेजले समुदाय लक्षित कार्यक्रम गरिरहेको जानकारी गराउँदै भर्मिकम्पोस्ट तालिम पनि त्यसैको सिलसिला रहेको बताउनुभयो ।

तालिमका संयोजक मीरा प्रजापतिले तालिमको उपादेयताबारे चर्चा गर्नुभएको उक्त कार्यक्रममा तालिममा आबद्ध विद्यार्थी गुम पौडेल, प्रशिक्षार्थी राधेश्याम सुवालले पनि बोल्नुभएको थियो ।

उक्त तालिममा भक्तपुर नगरपालिका वडा नं. १ देखि १० सम्मका गृहिणी तथा कृषकहरू सहभागी थिए ।

# खेलकुद विकासको लागि खेलाडीमा इमानदारिता नैतिकता र राष्ट्रिय भावना आवश्यक



ललितपुर, २ असोज । ललितपुर जिल्ला भलिबल सङ्घको सातौँ साधारण सभाको उद्घाटन नेपाल भलिबल सङ्घका केन्द्रीय उपाध्यक्ष एवं अन्तर्राष्ट्रिय रेफ्री गौतमप्रसाद लासिवाले जावलाखेल भलिबल प्रशिक्षण केन्द्रको सभाहलमा गर्नुभयो ।

उद्घाटन कार्यक्रममा उपाध्यक्ष लासिवाले खेलकुद विकासको लागि इमानदारिता र नैतिकताको साथै राष्ट्रिय भावना पनि हुनुपर्ने बताउनुभयो । उहाँले आफ्नो धरातल बिर्सेर धेरै ठुल्ठुला कुरा गर्नुभन्दा काम गरेर देखाउनुपर्ने बताउनुका साथै भलिबल खेल नेपालको राष्ट्रिय खेल घोषणा गरिसकेपछि सरकारले भौतिक पूर्वाधार विकास गर्नेतर्फ ध्यान नदिँदा अन्तर्राष्ट्रिय स्तरको एउटा कभर्ड हल पनि अभाव नभएको बताउनुभयो ।

भलिबल खेलको विकासको लागि विद्यालयस्तरदेखि नै विद्यार्थीलाई शिक्षा सँगसँगै खेलकुद प्रशिक्षण दिनुपर्ने र उमेर समूहअनुसारका प्रतियोगिताहरू आयोजना गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

कार्यक्रममा नेपाल भलिबल सङ्घका पूर्वउपाध्यक्ष एवं जावलाखेल भलिबल प्रशिक्षण केन्द्रका अध्यक्ष माधव खड्काले पुरानाहरूको अनुभवलाई नयाँ पुस्ताले अँगालेर अघि नबढे हरेक क्षेत्रमा असफलता हात लाग्छ भन्दै इतिहास बिर्सने र मेटाउने काम अपराध हुने बताउनुभयो । उहाँले खेलकुद क्षेत्रका साथसाथै हरेक क्षेत्रमा सहकार्य आवश्यक हुने बताउनुभयो ।

ललितपुर जिल्ला भलिबल सङ्घका अध्यक्ष रवि बोगतीको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल भलिबल सङ्घका केन्द्रीय सदस्य नीलप्रसाद इटनी, निलम बज्राचार्य, बाग्मती प्रदेश भलिबल सङ्घका अध्यक्ष माधव के.सी. र ललितपुर जिल्ला भलिबल सङ्घका सचिव भीमसेन नेमकुलले भलिबल खेल विकासको लागि सबैको सक्रिय सहयोगको लागि अनुरोध गर्नुभयो । सातौँ साधारणसभाबाट रवि बोगतीको नेतृत्वमा ११ सदस्यीय ललितपुर जिल्ला भलिबल सङ्घको नयाँ कार्यसमिति सर्वसम्मत चयन गरियो ।



**जोखिम मोलेर पहिरो पार गर्दै यात्रुहरू :** लमजुङको बेँसीसहर चामे सडकखण्डअन्तर्गत मनाङ नासोँ गाउँपालिका-३, खोत्रोस्थित सडकमा झरेको पहिरोमा जोखिम मोलेर यात्रा गर्दै यात्रुहरू । पहिरो अस्ति बुधबार बिहान झरेको हो । *तस्बिर: नवीन लामिछाने/रासस*

# प्यान, भ्याट र करसम्बन्धी अभिमुखीकरण कार्यक्रम

भक्तपुर, २ असोज । श्रमजीवी बचत तथा ऋण सहकारी संस्था लि. को व्यवसाय प्रवर्द्धन उपसमितिको आयोजनामा आन्तरिक राजस्व कार्यालय, भक्तपुर र श्रमजीवी साकोसको संयुक्त आयोजनामा एकदिने कर, प्यान तथा भ्याटसम्बन्धी अभिमुखीकरण कार्यक्रम ख्वप आदर निकेतनको सभाहलमा सम्पन्न भयो ।

कार्यक्रममा वडा नं. ६ का वडाध्यक्ष हरिराम सुवालले सहकारीमा देखिएका विकृति र वडा कार्यालयमा सम्बन्धित सदस्यहरूबाट आएका गुनासो सम्बन्धमा भएका पहलबारे जानकारी दिँदै स्थानीय सञ्चालकबाट सञ्चालित सहकारीहरूमा मात्र कारोबार गर्न अनुरोध गर्नुभयो ।

साकोसका अध्यक्ष गोविन्दराम त्वानाबासुले सहकारीमा आबद्ध उद्यमी व्यवसायीहरूलाई लक्षित गरी सञ्चालन गरिएको यस कार्यक्रमले कर, प्यान तथा भ्याटसम्बन्धी विस्तृत जानकारी हासिल गर्न सकोस् भनी स्वागत गर्नुभयो ।

आन्तरिक राजस्व कार्यालयका कर अधिकृत राजेन्द्रप्रसाद कोइरालाले उद्यमी व्यवसायी सदस्यहरूलाई कर र प्यान दर्ता तथा यसका फाइदा र बेफाइदा, भ्याट कहिले र कुन-कुन समयमा चुक्ता गर्दा जरिवाना लाग्दैन र कर छुटसम्बन्धी विषयमा प्रशिक्षण दिनुभयो ।

प्रशिक्षणको समयमा उहाँले सहभागी उद्यमीहरूसँग छलफल र अन्तरक्रिया पनि गर्नुभयो । उहाँले करसम्बन्धी विविध जिज्ञासालाई सहजीकरण पनि गर्नुभयो ।

कार्यक्रममा महिला १२ र पुरुष ३१ जना गरी जम्मा ४३ जना उद्यमीहरू सहभागिता रहेको उक्त कार्यक्रम व्यवसाय प्रवर्द्धन उप-समिति संयोजक गोपीकृष्ण चाँगुभारीको सभापतित्वमा भएको थियो । कार्यक्रममा व्यवसाय प्रवर्द्धन उपसमितिका सदस्य सुन्दर त्यातले पनि बोल्नुभएको थियो ।

# चाँगुनारायण मन्दिर संरक्षणमा चुनौती

***- प्रतिक्षा तामाङ, प्रशिक्षार्थी***

भक्तपुर । भक्तपुरको चाँगुनारायण मन्दिर नेपालकै पुरानो र महत्त्वपूर्ण धार्मिक तथा ऐतिहासिक सम्पदाहरूमध्ये एक हो । यो मन्दिर विश्व सम्पदा सूचीमा परेको छ । मन्दिरमा दैनिक विभिन्न ठाउँबाट मानिसहरू दर्शन गर्न तथा घुम्न आउने गर्छन् । तर, मन्दिर क्षेत्रको सरसफाइ, सम्पत्तिको संरक्षण र व्यवस्थापनमा ध्यान दिनुपर्ने अवस्था देखिन्छ ।

मन्दिर वरपरको क्षेत्रमा मानिसहरूको आवतजावत धेरै हुने भएकाले फोहोर व्यवस्थापनमा समस्या देखिन सक्छ । कतिपय ठाउँमा फोहोर राख्ने उचित व्यवस्था नभएको र मन्दिर परिसर सफा राख्न थप ध्यान दिनुपर्ने देखिन्छ । मन्दिरजस्तो महत्त्वपूर्ण ठाउँमा सरसफाइ राम्रो हुनुपर्ने हो ।

मन्दिर परिसरमा रहेका पुरानो मूर्ति, ढुङ्गेधारा, काठका कलात्मक भाग तथा अन्य पुराना सामग्रीको संरक्षण पनि महत्त्वपूर्ण छ । एक समय चाँगुनारायण न.पा. ५ मच्छेनारायण मन्दिरमा गणेश मन्दिरको गजुर चोरी भएको थियो । त्यसैले मन्दिरका पुराना सामग्री र सम्पत्तिको सुरक्षामा विशेष ध्यान दिन आवश्यक देखिन्छ ।

एक स्थानीय व्यवसायीले मन्दिरमा आउने मानिसको सङ्ख्या बढ्दै जाँदा सरसफाइ र व्यवस्थापनमा ध्यान दिनुपर्ने बताए । उनका अनुसार मन्दिर क्षेत्र सफा र व्यवस्थित भएमा यहाँ आउने मानिसलाई पनि राम्रो प्रभाव पर्छ ।

चाँगुनारायण मन्दिरको संरक्षणका लागि स्थानीय बासिन्दा, मन्दिर व्यवस्थापन समिति र सम्बन्धित निकाय सबैको ध्यान जानु आवश्यक देखिन्छ ।

पुराना सम्पत्ति जोगाउने, मन्दिर परिसर सफा राख्ने र आउने मानिसहरूलाई व्यवस्थित रूपमा सेवा दिने काममा सुधार गर्न सके मन्दिरको महत्त्व अझ राम्रोसँग बढाउन सकिन्छ ।

चाँगुनारायण पूजा गर्ने ठाउँ मात्र नभई नेपालको इतिहास र संस्कृतिसँग जोडिएको महत्त्वपूर्ण सम्पदा भएकोले यसको संरक्षणमा सबैले ध्यान दिन आवश्यक छ ।

***देशमा...***

नागरिकता त्यागेर विदेश भाग्न सक्ने सम्भावनालाई नकार्नु हुन्न । मन्त्रीहरूलाई दिइने सुरक्षा गार्ड व्यक्तिको सुरक्षा मात्रै होइन देशलाई घात गरी विदेश भाग्ने सम्भावनालाई समेत ध्यान गरी बन्दोबस्त गरिएको हुन्छ ।

तर, देशको महत्त्वपूर्ण पदमा बस्ने राष्ट्रपति रामचन्द्र पौडेलबारे पुन: एक गम्भीर विषय उठेको छ । त्यसबेला चर्चा चलेजस्तै सेनाले राष्ट्रपतिलाई पदबाट राजीनामा गर्न आग्रह गर्दा उनी रोएर जमिनमा लडीबुडी गरेका थिए र उनी आफै सेनाको शरणमा परे । अर्थात् उनी राष्ट्रपति भवनमा थिएनन् बरू सेनाकै सुरक्षामा थिए र प्रधानमन्त्रीको राजीनामा माग्ने कार्यमा यन्त्रवत सेनाको मन्त्रणामा थिए ।

त्यसबारे काठमाडौँ पोस्ट दैनिकको २४ भदौ (अनलाइन संस्करणमा २२ भदौ) मा प्रकाशित ‘जेन-जी आन्दोलनको एक वर्ष : राजनीतिक शक्ति सिंहदरबारबाट जङ्गी अड्डामा सरेको ती ५ दिन’ शीर्षकको समाचारबारे राष्ट्रपति कार्यालयले प्रतिक्रिया दिएको छ ।

***देशको...***

भोटेकोसी बाढी अघि २ लाख वर्गमिटर हिमनदी भत्किएको र त्यसबाट ११ करोड घनमिटर हिउँ र बरफको ढिक्कासहितको पहिरो आएको बताए । उट्रेन्च नेडरलैन्ड विश्वविद्यालयका प्राध्यापक तथा माउन्टेन हाइड्रोलोजिस्ट वाल्टर ट्मर्जले भोटेकोसी बाढीको कारणहरूमा सन् २०१५ को भूकम्प, दुई वर्षभन्दा बढी समय जमेर बसेको जमिन, हिमनदी पात्लिने समस्या तथा तापक्रममा आएको फेरबदल उल्लेख गरे । भोटेकोसी हिमपहिरोबाट नेपालमा भएको जनधनको क्षतिमा संसारका कुन कुन देश बढी दोषी हुन् ? वैज्ञानिकहरूले यो विषय पनि खुलाउनु जरूरी हुन्छ । के रास्वपा सरकारले यो विषय खुलाउन अन्तर्राष्ट्रिय डबलीमा उठाउन सक्ला ?

### उत्कृष्ट कलाकारहरू (परम्परागत)

| | |
|---|---|
| उत्कृष्ट महिला कलाकार | रिद्धि ग्वाछा (लाखे, कमिलागल्ली बाँसुरी बाजा समूह, भनपा ९) |
| उत्कृष्ट पुरुष कलाकार | सर्जल आचार्य (जङ्गली, खिछेँ दाफा भजन खल:, खिछेँ ५) |
| उत्कृष्ट बाल कलाकार | अभिनव सुवाल (वाद्यवादक - जेन्युइन सेकेन्डरी स्कूल, देकोचा १०) |
| उत्कृष्ट निर्देशक | मुक्तिसुन्दर जधारी (देवी प्याखं, मुक्ति सङ्गीत प्रशिक्षण केन्द्र, भनपा ५) |

### उत्कृष्ट कलाकारहरू (आधुनिक)

| | |
|---|---|
| उत्कृष्ट महिला कलाकार | ईसा सायजु (आमाको भूमिका (नासागु लुँ)- जैंला सांस्कृतिक समाज, भनपा ८) |
| उत्कृष्ट पुरुष कलाकार | दिलबहादुर कासिछ्वा (ध्याच्चु प्याखं - पासा पुच:, भनपा ९) |
| उत्कृष्ट बाल कलाकार | रसिक माक (न्हुगु वासिङ मेशिन - दुमलाचा सांस्कृतिक परिवार, तालाक्व ४, ह्योंचाको भूमिका) |
| उत्कृष्ट निर्देशक | रसिला कुम्पाख (फाकंदलि - आरम्भ वाद्यशाला, खौमा ३) |
| उत्कृष्ट लेखक | रमेश प्रजापति (गाइँचा - स्टार वाचनालय, वाचुत्व ७) |
| घिंताङघिसीतर्फ उत्कृष्ट कलाकार | तुल्सीभक्त कोजु (घिंताङघिसी - ब्यासी २) |

। सम्पादकीय ।

# संविधान उल्लङ्घन गर्नेहरूको संविधान दिवस

गत वर्ष भदौ २४ गते अपरान्ह १:५० बजे एमालेका प्रधानमन्त्री केपी ओलीले नेपाली सेनालाई राजीनामा बुझाएर सैनिक हेलिकप्टरबाट १२ दिन गुमनाम भए । ओलीले चार दिनपछि भदौ २६ गते आफूलाई भेट्न आएका राष्ट्रपति पौडेललाई नयाँ अन्तरिम प्रधानमन्त्री नियुक्ति गर्न लिखित सिफारिस गरे । ओलीले प्रधानमन्त्री पदको राजीनामा नेपाली सेनालाई बुझाएको र नयाँ अन्तरिम प्रधानमन्त्री बनाउन राष्ट्रपतिलाई लिखित सिफारिस गरेको दुवै नेपालको संविधानविपरीत हो ।

नेका, एमाले, तत्कालीन माओवादी (हाल नेकपा) को सहमतिअनुसार २०७२ असोज ३ गते नेपालको संविधान जारी गरिएको थियो । त्यही संविधानलाई तोडमरोड गर्न नेका, एमाले र नेकपा नै न्वारानदेखिको शक्ति निकालेर किन लागे ?

सेनामार्फत आएको तत्कालीन प्रधानमन्त्री ओलीको राजीनामालाई राष्ट्रपतिले स्वीकृत गरेको र प्रतिनिधिसभा जिउँदो रहेको बेला पूर्वप्रधानन्यायाधीशलाई अन्तरिम प्रधानमन्त्रीमा नियुक्ति तथा अन्तरिम प्रधानमन्त्रीको सिफारिसमा प्रतिनिधिसभा भङ्ग गरेको दुवै नेपालको संविधानविपरीत हो ।

आफै संविधानको उल्लङ्घनमा लागेर साम्राज्यवाद र विस्तारवादअनुकूलको सरकार गठन गराउन मार्ग प्रशस्त गर्ने एमालेले आज असोज ३ गते बिहान ८:३० बजे पार्टी केन्द्रीय कार्यालय च्यासल प्राङ्गणमा संविधान दिवस मनाउन 'विशेष कार्यक्रम' गर्ने र देशभर 'रचनात्मक कार्यक्रम' सञ्चालन गर्ने निर्णय गरेको सार्वजनिक भयो । यी 'विशेष' र 'रचनात्मक' भनिएको कार्यक्रम कस्तो होला ? के नेपाली जनताको लागि भरपर्दो हुने अवस्था छ र ? निश्चय नै छैन ।

राष्ट्रपति पौडेलले आज असोज ३ गते अपरान्ह ३ बजे सरकारी शीतल निवासमा राजनीतिक दलहरू र रास्वपा सरकारलाई बोलाएर संविधान दिवसको कार्यक्रम राखेको छ । राष्ट्रपतिको यो कार्यक्रमबाट देशलाई कुनै उपलब्धि हुने अवस्था छैन । राष्ट्रपति स्वयम् गत वर्ष भदौ २४ गते सरकारी निवास छोडेर सेनाका गणमा बस्न पुगेका थिए । देउवा र गगन गरी दुई समूहमा विभाजित नेकाले संविधान दिवस कसरी के के बोलेर मनाउँदै छन् भन्ने विषय सार्वजनिक भएको छैन । नेकाका रमेश लेखक तथा नेकपाका दाहाल, माधव र वर्षमानलगायतले गत भदौ २६ गते राष्ट्रपतिलाई संविधानविपरीत अन्तरिम प्रधानमन्त्री नियुक्ति र प्रतिनिधिसभा भङ्गको सहमति दिएका थिए । यतिबेला नेकपाले संविधान दिवस मनाउनेबारे कार्यक्रम सार्वजनिक गरेको छैन ।

संविधानको सारतत्व 'समाजवादउन्मुख राज्य' बनाउने हो । संविधान जारी भएको दस वर्षयता पालैपालो प्रधानमन्त्री भएका नेका, एमाले, नेकपाले 'समाजवादउन्मुख राज्य' बनाउने संविधानको सारतत्त्वलाई बेवास्ता गरेको हुँदा गत वर्ष भदौ २३ र २४ गते उपद्रव गर्नेहरूलाई मौका मिलेको यससम्बन्धी अध्येताहरू बताउँदै छन् । यति बेला शासक दलहरू बचेखुचेको सार्वजनिक संस्थानहरू कौडीको मोलमा व्यक्ति वा विदेशीलाई बेचबिखन गर्ने मार्गप्रशस्तमा लागिरहेका छन् ।

संविधान निर्माणमा रास्वपाको भूमिका थिएन । यसकारण, रास्वपाको सरकारले 'समाजवादउन्मुख राज्य' बनाउने संविधानको सारलाई समेट्ने अपेक्षा यतिबेला गर्नु अस्वाभाविक नै हुनेछ ।

हिजोका सरकारहरूले विदेशी ऋण र पुँजी ल्याउने गोरेटो बनाएको र अब रास्वपा सरकारले यसलाई राजमार्ग नै बनाउनेमा शङ्का नगरे हुन्छ । संरा अमेरिकी खोज पत्रकार किट क्लारेनवर्गको 'द ग्रेजोन' र जिम नोरेकासको 'मन्थली रिभ्यु'मा प्रकाशित लेखमा रास्वपाका कतिपय नेताहरूलाई संरा अमेरिकी केन्द्रीय गुप्तचर संस्था सीआईएअन्तर्गतका आर्थिक संस्थाहरू : NED, IRI, CEPPS, NDI लगायतबाट उपद्रवको तालिम दिएको सार्वजनिक भयो । गत वर्ष भदौ २३ र २४ गतेको उपद्रवबारे छानबिन गर्न बनेको आयोगका अध्यक्ष गौरीबहादुर कार्कीले एक सञ्चारमा सुधन गुरूङको टोली गत वर्ष भदौ २४ गते माइक, खानेपानी, स्वास्थ्य उपचार सामग्री तथा स्वास्थ्यकर्मीसहित अहिलेको नतिजा सुनिश्चितका साथ माइतिघर मण्डला पुगेको बताए । सुधन गुरूङले गत वर्ष भदौ २४ गते बिहान सैनिक मुख्यालयमा पुगेको विषय आयोगलाई बताएको पनि सार्वजनिक भएकै हो । देशको यो विषम परिस्थितिमा नेपाली जनता थप सचेत हुनु जरूरी छ ।

यतिबेला नेपाली जनता नै संविधानमा भएका प्रजातान्त्रिक अधिकार संरक्षणमा आवाज उठाउँदै आवश्यक थप अधिकारको लागि आवाज उठाउन चुक्नु हुँदैन । शासक दलहरूको प्रजातन्त्रका बहस उनीहरूको घोषणापत्र र भाषणमा मात्र सीमित भएको पुष्टि भइसकेको छ । शासक दलहरूले संविधान संशोधनको नाममा संविधानलाई थप प्रतिगामी बनाउन लागिपर्नेतर्फ नेपाली जनता सचेत हुनु जरूरी छ ।

# संयुक्त राष्ट्रसङ्घको महासभाअघि अमेरिकाले प्यालेस्टिनी अधिकारीहरूमाथिको भिसा प्रतिबन्ध लम्ब्यायो !

***(प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बास लगातार दोस्रो वर्ष प्रतिबन्धित भएका छन् ।)***

अमेरिकी विदेश मन्त्रालयले प्यालेस्टिनी प्राधिकरण (PA) का अधिकारीहरू र प्यालेस्टिन मुक्ति सङ्गठन (PLO) का सदस्यहरूमाथि लगाइएको भिसा प्रतिबन्धलाई निरन्तरता दिने घोषणा गरेको छ । यस कदमका कारण प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासले लगातार दोस्रो वर्ष पनि अर्को साता संयुक्त राष्ट्रसङ्घको महासभालाई सम्बोधन गर्न न्युयोर्कको यात्रा गर्न नपाउने भएका छन् ।

"संयुक्त राज्य अमेरिकासँग गरेका प्रतिबद्धताविपरीत सुधार गर्न असफल हुनु र शान्तिको सम्भावनालाई कमजोर पार्ने खालका निरन्तरका गतिविधिहरू कारण, संरा अमेरिकाले (PLO) पिएलओका सदस्यहरू र (PA) पिएका अधिकारीहरूलाई भिसा नदिने गरी लगाइएका प्रतिबन्धहरूलाई निरन्तरता दिनेछ," विदेश मन्त्रालयले एक विज्ञप्तिमा जनाएको छ ।




अमेरिकी विदेश मन्त्रालयले प्यालेस्टिनी प्राधिकरण पिएमाथि अमेरिकी कानुनको उल्लङ्घन गरेको आरोप लगाएको छ । यसमा प्रत्यक्ष वार्ता बाहिर प्यालेस्टिनी राज्यको अन्तर्राष्ट्रिय मान्यता खोज्ने, इजरायलसँगको विवाद अन्तर्राष्ट्रिय अदालतमा लैजाने तथा अमेरिका र इजरायलले दोषी ठहरिएका आक्रमणकारी भनी परिभाषित गरेका व्यक्तिहरू र तिनका परिवारलाई भुक्तानी उपलब्ध गराउने कार्यहरू समावेश छन् ।

यसले थप उल्लेख गऱ्यो कि संयुक्त राष्ट्रसङ्घका लागि प्यालेस्टिनी मिसनले राष्ट्रसङ्घ मुख्यालय सम्झौताअन्तर्गत विशेष छुट कायम राख्नेछ । यस व्यवस्थाले व्यक्तिगत अधिकारीहरूलाई अमेरिका प्रवेशमा रोक लगाइएको अवस्थामा पनि मिसनका नियमित कर्मचारीहरूलाई काम जारी राख्न अनुमति दिन्छ ।

यस महिना बेलायत, फ्रान्स, क्यानडा र अन्य पश्चिमी सरकारहरूले प्यालेस्टिनी राज्यको मान्यता प्राप्त हुने क्रम बढेसँगै, यस वर्ष अब्बास सम्बोधनमा प्यालेस्टिनी राज्यको अन्तर्राष्ट्रिय मान्यता र 'दुई-राज्य समाधान' (Two state solution) को प्रयासलाई पुन:गति दिने अपेक्षा गरिएको थियो । साथसाथै, यस सभामा गाजामा देखिएको मानवीय सङ्कट तथा कब्जा गरिएको पश्चिमी किनाराभरि भइरहेको गैरकानुनी इजरायली बस्तीहरूको तीव्र विस्तार र त्यहाँका बासिन्दाहरूमाथि गरिने हिंसात्मक आक्रमणहरूतर्फ पनि ध्यानाकर्षण गराउने अपेक्षा गरिएको थियो ।

गाजामा कथित युद्ध अपराधको आरोपमा इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतले पक्राउ पुर्जी जारी गरे पनि, कुनै पनि इजरायली अधिकारीले अमेरिकाको तर्फबाट यस्तै प्रकारको यात्रा प्रतिबन्धको सामना गर्नुपरेको छैन ।

गत वर्ष लगाइएको यात्रा प्रतिबन्धविरूद्ध प्यालेस्टिनी अधिकारीहरू र संयुक्त राष्ट्रसङ्घका मानव अधिकार विज्ञहरूबाट आलोचना भएको थियो । उनीहरूका अनुसार भिसामा प्रतिबन्धले संयुक्त राष्ट्रसङ्घद्वारा आमन्त्रित व्यक्तिव्तहरूलाई न्युयोर्कस्थित मुख्यालयमा आउन दिने अमेरिकी दायित्वको उल्लङ्घन भएको बताएका छन् । साथै, उनीहरूले इजरायली नेताहरूलाई जोगाउँदै प्यालेस्टिनी प्रतिनिधिहरूलाई मात्र लक्षित गर्नुले वार्तामार्फत शान्ति स्थापना गर्ने वासिङ्टनको घोषित प्रतिबद्धतालाई कमजोर बनाउँछ भन्ने तर्क गरेका छन् ।

***- अल् जजीराबाट***

# रसुवा-भोटेकोसी बाढीले रचेको सवाल संविधानमा राम्रो प्रावधान तर कार्यान्वयन खोइ ?

**✍ अधिवक्ता विजयराम माक**

नेपालमा विभिन्न काल खण्डमा वातावरणसम्बन्धी कानुनी प्रावधानहरू केही केही निर्माण भए पनि स्पष्ट रूपमा संविधानमा नेपालको संविधान-२०७२ मा उल्लेख गरेको पाइन्छ । आज संविधान दिवसको अवसरमा संविधानमा रहेका वातावरणसम्बन्धी केही दफाहरू यसको प्रावधान र कार्यान्वयनमा के कति भए त ? भदौ १० गते भोटेकोसी नदीमा आएको आकस्मिक विनाशकारी बाढीले रसुवा मात्र नभई नुवाकोट, धादिङ, गोरखा र चितवन गरी १५ स्थानीय तहसँगै नेपालमा नै तरङ्ग ल्यायो । रसुवागढी, टिमुरे, स्याफ्रुबेँसी, त्रिशुली तथा धादिङ क्षेत्रका बजार, सडक, पुल, सुरक्षा संरचना र घरधुरी बाढीले बगायो । सरकारद्वारा तयार गरिएको तीव्र क्षति तथा आवश्यकता मूल्याङ्कन (RDNA) अनुसार यस घटनाले ३२,९६३ नागरिक प्रत्यक्ष रूपमा प्रभावित बनाएको छ, ८,३१७ घरपरिवार मर्कामा परेका छन् र ७,५७० निजी घर क्षति भएका छन् । आर्थिक सन्दर्भमा कुल क्षति तथा नोक्सानी रु. ४०८.२९ अर्ब रहेको छ, जबकि पुनर्लाभ र पुनर्निर्माणका लागि रु. ७२३.३२ अर्ब आवश्यक पर्ने अनुमान गरिएको छ । प्रत्यक्ष भौतिक क्षति मात्रै रु. २७४.४८ अर्ब छ ।

जिल्लागत विवरणमा नुवाकोटमा ३,९७७, रसुवामा १,७७९, धादिङमा १,४५१, गोरखामा २६३ र चितवनमा १०० घरमा क्षति पुगेको उल्लेख छ । सार्वजनिक पूर्वाधारको हिसाब झन् भयावह छ; ५५ किमि सडक पूर्ण रूपमा ध्वस्त भएको छ; ३७ पुल र ६८ झोलुङ्गे पुलमा क्षति पुगेको छ, १८ विद्यालय प्रभावित छन् भने ४८ सरकारी संरचनामध्ये ३५ पूर्ण र १३ आंशिक रूपमा क्षतिग्रस्त छन् । ७ विद्युत् संस्थामा क्षति पुग्दा ७८३ मेगावाट जलविद्युत् उत्पादन क्षमतासमेत प्रभावित भएको प्रारम्भिक मूल्याङ्कनले देखाएको छ ।

**संवैधानिक आधार : प्रावधान छन्, चुनौती कार्यान्वयनमा**

यस्तो विपत्तिको बेला संविधान २०७२ ले दिएको व्यवस्थाअनुरूप "धारा ५१(छ)(४) ले जलउत्पन्न प्रकोप नियन्त्रण र नदी व्यवस्थापनलाई राज्यको नीतिमा राखेको छ भने धारा ५१(छ)(९) ले प्राकृतिक प्रकोपको जोखिम न्यूनीकरण, पूर्वसूचना, तयारी, उद्धार, राहत र पुनर्स्थापनालाई संवैधानिक दर्जा दिएको छ ।" अनुसूची ७ मा प्राकृतिक तथा गैरप्राकृतिक विपद्को पूर्वतयारी, उद्धार, राहत तथा पुनर्लाभ सङ्घ-प्रदेशको साझा अधिकार हो भने अनुसूची ८ ले स्थानीय तहलाई विपद् व्यवस्थापनको एकल अधिकार दिएको छ । अनुसूची ९ मा ती नै तहको साझा अधिकार र धारा २७३ ले गम्भीर सङ्कटको अवस्थामा सङ्कटकालीन व्यवस्था व्यवस्थित गरिएको छ ।

संविधान २०४७ र २०७२ को तुलना गर्दा यो क्षेत्रमा उल्लेखनीय प्रगति भएको छ । २०४७ मा प्राकृतिक विपद्को सीमित उल्लेख, जोखिम न्यूनीकरण र पूर्वसूचनाको अस्पष्ट व्यवस्था र प्रदेशको अभाव थियो भने २०७२ ले तीन तहको समन्वय, स्थानीय तहको संवैधानिक भूमिका र विपद्का कारण सङ्कटकालको स्पष्ट आधार ( धारा २७३) स्थापित गऱ्यो । तर, प्रश्न उही छ - कागजमा राम्रो प्रावधान तर कार्यान्वयनमा खोइ ?

**प्रतिकार्य : शीघ्र, तर पूर्वतयारी अपर्याप्त**

घटनाको पहिलो दिनमा मात्रै ११४ जनाको हवाई उद्धार भयो - नेपाली सेनाले ८५ र निजी हेलिकोप्टरले २९ जनालाई सुरक्षित साथ निकाले । जिल्ला प्रशासन कार्यालय, रसुवाले उद्धार, बेपत्ता, शव सङ्कलन, राहत वितरण र हेलिकोप्टर उडानका विवरण सार्वजनिक गर्दै गर्दा सुरक्षा निकाय, स्थानीय प्रशासन, स्थानीय तह र निजी क्षेत्रबिचको समन्वयले काम गऱ्यो । विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ ले यस्तै अवस्थाका लागि राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण (NDRRMA) सहितको संस्थागत संरचना बनाएको छ ।

तर, रसुवाको त्रासदीले ठुलो खाडल उद्घाटन गऱ्यो - पूर्वसूचना प्रणाली । तराईका जिल्लाहरू सप्तरी, रौतहट, बाँके, बर्दिया, कैलाली र कञ्चनपुरमा साइरनसहितको पूर्वसूचना प्रणाली विस्तार भइसकेको छ, तर पहाडी तथा हिमाली क्षेत्रमा सीमापार वा आकस्मिक हिमबाढीका लागि चेतावनी प्रणाली अत्यन्त कमजोर छ । भोटेकोसीमा बाढी आएको थाहा पाउन स्थानीय बासिन्दालाई नदीकै गर्जनसँगै दौड्नुपर्ने अवस्था थियो ।

**यो घटनाबाट उठेका मुख्य प्रश्नहरू**

१. **पूर्वसूचना :** सीमापार वा आकस्मिक हिमबाढीका लागि पर्याप्त चेतावनी प्रणाली कसरी बलियो बनाउने ?

२. **जोखिमयुक्त बस्ती :** नदी किनार र जोखिम क्षेत्रमा भू-उपयोग तथा बस्ती व्यवस्थापन कसरी गर्ने ?

३. **समन्वय :** सङ्घ, प्रदेश र स्थानीय तहबिच सूचना र स्रोत परिचालनमा हुने दोहोरोपन कसरी घटाउने ?

४. **जवाफदेहिता :** राहत, क्षतिपूर्ति र पुनर्निर्माणको प्राथमिकता कसरी पारदर्शी बनाउने ?

५. **पुनर्निर्माण :** पुरानै जोखिममा संरचना नबनाई 'Build Back Better' सिद्धान्त कसरी लागू गर्ने ?

स्थानीय तहसम्म Real-time early-warning/Emergency communication प्रणाली विस्तार गर्नु अपरिहार्य छ । विपद् जोखिम नक्साङ्कनलाई स्थानीय विकास योजना, भवन अनुमति र भू-उपयोगसँग जोड्नुपर्छ । स्थानीय उद्धार टोली, उपकरण, तालिम र सुरक्षित आश्रयस्थलको क्षमता अभिवृद्धि गर्नुपर्छ । तीन तहका सरकारबिच साझा Disaster information dashboard बनाउनुपर्छ, राहत वितरणमा पारदर्शी लाभग्राही सूची र एकद्वार समन्वय कायम गर्नुपर्छ ।

रसुवा भोटेकोसी बाढीले नेपालको विपद् शासनको बहु तह परीक्षण गऱ्यो । नतिजा मिश्रित छ - उद्धारमा सराहनीय तीव्रता तर पूर्वतयारीमा ठुलो कमजोरी । संविधानले दिएको ढाँचा र ऐनले बनाएको संरचना पर्याप्त छन्; अभाव छ समन्वित कार्यान्वयनको । जबसम्म चेतावनी स्थानीयको मोबाइलसम्म आउँछ, जोखिम नक्सा भवन अनुमतिसँग जोडिन्छ र पुनर्निर्माण सुरक्षित डिजाइनमा हुन्छ, तबसम्म हरेक मनसुन नेपालीको जीवनसँग लगानी हुनेछ । विपद् व्यवस्थापनलाई कहिलेसम्म 'घटनापछिको प्रतिक्रिया' मात्र बनाइरहने ?

*तथ्याङ्क : RDNA, NDRRMA तथा जिल्ला प्रशासन कार्यालय, रसुवा*

# जनसङ्ख्या नियन्त्रणबारे तुलनात्मक अध्ययन

● नारायणमान बिजुक्छैं

*(‘आत्मनिर्भरताको प्रश्न र नेपालको आर्थिक विकास’ पुस्तक नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छैं (रोहित) ले २०४१ सालमा लेख्नुभएको लेखहरूको सङ्कलन हो। उक्त लेखको सङ्कलन २०४६ सालमा पुस्तकाकारमा प्रकाशित भएको थियो। ‘नेपालको आर्थिक विकास सन्दर्भ’, ‘के नेपाल आफ्नो खुट्टामा उभिन सक्छ ?’ र ‘जनसङ्ख्या नियन्त्रणबारे तुलनात्मक अध्ययन’ शीर्षकका लेखहरू एक पर्यवेक्षकको नाममा ‘आधार’ साप्ताहिक वर्ष १ को २०४१ साल अङ्क १९ देखि २६ सम्म क्रमश: छापिएका थिए। हालै प्रकाशित यो पुस्तक तेस्रो संस्करणको हो। - सं)*

तर, यसपालि त्यसको ठाउँ जापानले लिएको छ। जापानमा लोग्नेमान्छेहरूको आयु ७४.२ वर्ष पुगेको छ भने स्वास्नीमान्छेहरूको आयु ७९.७८ पुगेको छ। जापानीहरूको सालाखाला आयु ७६.९० पुगेको छ। अर्थात्, संसारमा हाल सबभन्दा लामो आयु जापानीहरूको छ।

त्यस्तै, विकसित देशहरूको सम्पन्नता, शिक्षा, स्वास्थ्य र उपचारको बन्दोबस्तले त्यहाँका मानिसहरूको आयु लम्बिनु पनि स्वाभाविक छ। विश्व बैङ्कको प्रतिवेदनअनुसार चीनका जनताको सरदर आयु ६४ वर्ष छ भने भारतको ५१ वर्ष छ। तर, विकसित देशका मानिसहरूको सरदर आयु ७३ वर्ष छ भने विकासशील अथवा कम विकसित देशका जनताको आयु ५८ वर्षमात्रै छ। नेपाली जनताको सालाखाला आयु ४५-४६ वर्ष मात्रै छ।

औषधोपचारको बन्दोबस्त राम्रो नभएको देशमा केटाकेटीको मृत्युदर बढेको, महामारीजन्य रोगलाई रोकथाम गर्न नसकिने र मानिसहरूको सरदर आयु कम हुँदा जनसङ्ख्या नियन्त्रणमा बढी जोड दिनु कम डरलाग्दो हुन्न। जनसङ्ख्या नियन्त्रणमा तेस्रो विश्वका मुलुकमध्ये ठुलो सफलता प्राप्त गरेको देश चीन मानिन्छ। विश्व बैङ्कको प्रतिवेदनअनुसार सन् १९६० पछिका वर्षहरूमा चीनको जनसङ्ख्या वृद्धिदर ३ प्रतिशत थियो; सन् १९७९ मा १.२ प्रतिशतमा झऱ्यो। त्यही समयमा भारतको जनसङ्ख्या वृद्धिदर २.२ प्रतिशत रह्यो। हरेक १ हजारमा भारतको वृद्धिदर ३८ थियो र त्यो अहिले ३५ मा झरेको छ तर चीनको भने १ हजारमा १८ मा झरेको छ।




त्यस्तै, बाल मृत्युदर चीनमा भन्दा भारतमा बढी छ। भारतमा १ हजार केटाकेटीमा १४ जना मर्छन् भने चीनमा ६ जना मात्र मर्छन्। चीनमा १३ लाख ५३ हजार डाक्टर, ५ लाख ९६ हजार नर्स छन्। डाक्टर र वैद्यको काम गर्ने पेशेवर स्वास्थ्य कार्यकर्ताको सङ्ख्या ३२ लाख ५३ हजार छ। त्यस हिसाबले चीनमा ७,३९० जनतामा एक चिकित्सक अर्थात् ८ हजार जनताको निम्ति एक डाक्टर र झन्डै ३-४ हजार जनताको निम्ति एक स्वास्थ्य कार्यकर्ता उपलब्ध छन्।

यसको तुलना नेपालसँग गर्दा फरक प्रस्ट हुन्छ। नेपालमा जम्मा ५४९ डाक्टर र २३१ कविराज वैद्य छन्। अर्थात्, ३२ हजार ३६७ मानिसको निम्ति एक डाक्टर; ३३ हजार मानिसको निम्ति एक स्वास्थ्य कार्यकर्ता छन्।

संयुक्त राष्ट्रसङ्घको बालकोषअन्तर्गत चीनको हुपै प्रान्तका २५ सहर र जिल्लामा ‘७ वर्षमुनिका केटाकेटीको निम्ति एक स्वास्थ्य कार्यकर्ता’ लागू गरिएको छ। त्यसअनुसार सन् १९७९ देखि बालरोग घट्दै गएको छ। स्थिति यसप्रकार छ :

१) भ्यागुते रोग - १ लाखमा १५ प्रतिशतबाट ०.४ प्रतिशतमा घट्यो।
२) लहरे खोकी - १ लाखमा ३२ प्रतिशतबाट १०.८४ प्रतिशतमा झऱ्यो।
३) दादुरा - १ लाखमा ११८.३१ बाट ६२.२९ सम्म झऱ्यो।

तेस्रो विश्वमा जनसङ्ख्या नियन्त्रण वा परिवार नियोजनमा सफलता हासिल गरेको अर्को देश थाइल्यान्ड मानिन्छ। स्वास्थ्यमा त्यहाँ सन् १९७५ मा प्रतिव्यक्ति ४ डलर अर्थात् ६४ रूपियाँको दरले खर्च गरिएको थियो र उपचार सुविधाको दृष्टिले थाइल्यान्ड नेपालभन्दा अगाडि छ। उपचार सुविधाको स्थिति यसप्रकार छ :

१) प्रसूति केन्द्रहरू २००० ओटा
२) स्वास्थ्य केन्द्रहरू ४००० ओटा
३) स्वास्थ्य कार्यकर्ता २,२०,००० जना

उपचार सुविधाले मृत्युदर घट्दै गएको छ। सन् १९५०-१९५५ तिर हरेक १ हजार केटाकेटीमध्ये १३२ जनाको मृत्यु हुन्थ्यो। सन् १९८०-१९८५ मा मृत्युदर १९.२ मा घटेको छ। सन् १९५०-१९५५ तिर जनसङ्ख्या १ हजारमा मृत्युदर ५१ थियो भने सन् १९८०-१९८५ मा ७७ मा घटेको छ। त्यस्तै, सन् १९५०-१९५५ तिर थाइ जनताको सरदर आयु ४७ वर्षमात्रै थियो भने अहिले ६२.७ वर्ष पुगेको छ।

थाइल्यान्डको तुलनामा नेपालको उपचार सुविधाको स्थिति यसप्रकार छ :

| | |
|---|---|
| १) अस्पताल | ७५ ओटा |
| २) स्वास्थ्य केन्द्र | २७ ओटा |
| ३) स्वास्थ्य चौकी | ७४४ ओटा |
| ४) स्वास्थ्य डिस्पेन्सरी | ८५ ओटा |
| ५) आयुर्वेदिक औषधालय | ११३ ओटा |
| **जम्मा** | **१०४४ ओटा** |

अस्पताल, प्रसूति गृह, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी, औषधालय सबै गरेर १०४४ मात्रै पुगेको छ भने थाइल्यान्डको प्रसूति केन्द्र नै २००० र स्वास्थ्य केन्द्रहरू ४००० छन्। त्यसमा अस्पताल र स्वास्थ्य चौकीहरूको हिसाब गरिएको छैन। थाइल्यान्डमा स्वास्थ्यमा प्रतिव्यक्ति ६४ रुपियाँभन्दा बढी खर्च गरिएको छ भने आ.व. २०४१-२०४२ को नेपालको बजेटअनुसार स्वास्थ्यमा खर्च हुने सम्पूर्ण रकम हिसाब गर्दा प्रतिव्यक्ति ११ रुपैयाँ चानचुन मात्र पर्छ। ठुलो घरेलु बजार तथा देशको चौतर्फी विकासमा थप श्रम शक्तिको आवश्यकता हुनाले मलेसियाले जनसङ्ख्या घटाउने होइन बढाउने नीति लिएको छ भने ज्येष्ठ नागरिकको पालन-पोषणको निम्ति जापानले परिवार नियोजनको नीतिमा पुनर्विचार गर्नुपर्ने अनुभव गरेको छ।




टिपोटहरू :

१) विश्व विकास सूचक (विश्व बैङ्क, सन् २०२१) अनुसार

२) कालापानी, लिम्पियाधुरासहित नेपालको क्षेत्रफल १ लाख ४७ हजार ५१६ वर्ग किलोमिटर छ।

३) विसं २०७८ को जनगणनाअनुसार नेपालको जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५७८ छ।

४) विसं २०७८ को जनगणनाअनुसार नेपालको जनघनत्व १९८ प्रतिवर्ग किलोमिटर छ।

५) आर्थिक सर्वेक्षण (२०७९/०८०) अनुसार नेपालको कुल कृषियोग्य जमिन २६ लाख ४० हजार हेक्टरमध्ये ५८ प्रतिशत जमिनमा सिँचाइ सुविधा उपलब्ध छ।

६) आर्थिक सर्वेक्षण (२०७९/०८०) अनुसार हाल नेपालमा कालोपत्रे १७,४८० कि.मि., ७,९५६ कि.मि. ग्राभेल र कच्ची सडक ८,६६४ कि.मि. गरी जम्मा ३४,१०० कि.मि. सडक सुविधा उपलब्ध छ।

७) नवौँ पञ्चवर्षीय योजना (२०५४-२०५९) अनुसार हाल नेपालमा जयनगर-जनकपुर-बिजलपुरा रेलमार्ग ५१ कि.मि. छ। आर्थिक सर्वेक्षण (२०७९/०८०) अनुसार हाल नेपालमा ५६ कि.मि. रेलमार्ग छ।

८) अहिले यो रज्जुमार्ग बन्द छ। तर, छोटो दूरीका रज्जुमार्ग वा केबलकारहरू व्यापारिक तथा पर्यटकीय दृष्टिले थपिएका छन्।

९) अहिले पर्यटकीय दृष्टिले हवाई र हेलिकप्टर सेवाको विस्तार भएको छ।

१०) युद्धको नयाँ शैली र असर इराक र युगोस्लाभियामा संरा अमेरिका र नेटो सेनाको आक्रमणले देखायो। इराक र युगोस्लाभियामा हमला गर्दा साम्राज्यवादीहरूले सेना र सैनिक क्षेत्रमात्र होइन जनताका बस्ती, अस्पताल, स्कूल, विद्युत्, खानेपानी, टेलिफोन, चर्च, पुल, उद्योग, ढल आदिलाई तारो बनाए। नागरिक जीवन अस्तव्यस्त र ध्वस्त पारे। आणविक विकिरण फैलिने गोली र बम बर्साएर लाखौँलाख महिला, बालबालिका र वृद्धवृद्धाको हत्या गरे। पुस्तौँसम्म अपाङ्ग हुने, गर्भ तुहिने र क्यान्सरजस्ता डरलाग्दा रोग लाग्ने रासायनिक अस्त्रशस्त्र प्रयोग गरे। एक तथ्याङ्कअनुसार इराकमा नाकाबन्दीअघि मृत्युदर १८.७ थियो भने पछि सन् १९९६ मा ३२ पुग्यो। विद्यालय छोड्नेहरूको सङ्ख्या पहिले ७ प्रतिशत थियो भने पछि २२.६ प्रतिशत पुग्यो। हिरोसिमामा भन्दा ७ गुणा बढी विस्फोटक पदार्थ विस्फोटन भएको इराकमा अहिले ७४ प्रतिशत केटाकेटी झाडापखाला र ४३ प्रतिशत श्वासप्रश्वासको रोगले मर्छन्। त्यहाँ ५ लाख ६७ हजार केटाकेटी बर्सेनि मर्ने गरेको तथ्याङ्क प्रकाशमा आएको छ।

११) विश्व बैङ्कको सन् २०२४ को प्रतिवेदनअनुसार सन् २०२१ मा क्युबाको शिशु मृत्युदर एक हजारमा ५ छ भने औसत आयु ७३.६८ वर्ष छ। सन् २०१८ मा त्यहाँ ११८.६७ जनाका लागि १ डाक्टर उपलब्ध थिए। तर, आर्थिक सर्वेक्षण (२०७९/२०८०) अनुसार नेपालमा ८६९.५७ जनाका लागि एक जना डाक्टर उपलब्ध छन्।

१२) विश्व बैङ्क (सन् २०२४) अनुसार सन् २०२१ मा विश्वमा १ हजार जीवित जन्मेका शिशुमध्ये २८.४ जना तथा नेपालमा २२.८ जना शिशुको मृत्यु हुने गरेको छ।

**टिपोटहरू :**

*१) विश्व विकास सूचक (विश्व बैङ्क, सन् २०२१) अनुसार*

| देश | जनसङ्ख्या | जनघनत्व (प्रति वर्ग किमि) |
|---|---|---|
| जापान | १२,५६,८१,५९३ | ३४४.८१ |
| बेलायत | ६,७०,२६,२९२ | २७७.०५ |
| जर्मनी | ८,३१,९६,०७८ | २३८.१२ |
| इटाली | ५,९१,३३,१७३ | १९९.९७ |
| फ्रान्स | ६,७७,६४,३०४ | १२३.८६ |
| चीन | १,४१,२३,६०,००० | १५०.४४ |
| संरा अमेरिका | ३३,२०,३१,५५४ | ३६.३० |
| भारत | १,४०,७५,६३,८४२ | ४७३.४२ |
| नेपाल | ३,००,३४,९८९ | २०९.५२ |

१३) विश्व बैङ्क (सन् २०२४) अनुसार सन् २०२१ मा आइसल्यान्डमा लोग्नेमान्छेको आयु ८१.८, स्वास्नीमान्छेको आयु ८४.५ र सालाखाला आयु ८३.१२ वर्ष छ।

१४) विश्व बैङ्क (सन् २०२४) अनुसार सन् २०२१ मा त्यहाँ लोग्नेमान्छेको आयु ८१.४७, स्वास्नीमान्छेको आयु ८७.५७ र औसत आयु ८४.४५ वर्ष छ।

१५) विश्व बैङ्क (सन् २०२४) अनुसार सन् २०२१ मा सरदर आयु चीनमा ७८.२१ वर्ष, भारतमा ६७.२४ वर्ष छ।

१६) नेपालीको सरदर आयु ६८.४५ वर्ष छ।

१७) विश्व बैङ्क (सन् २०२४) अनुसार सन् २०२१ मा चीनको वार्षिक जनसङ्ख्या वृद्धि दर ०.०९ प्रतिशत छ।

१८) विश्व बैङ्क (सन् २०२४) अनुसार सन् २०२० मा चीनमा ४१८.९४ जनाको लागि एक डाक्टर पर्छ।

१९) आर्थिक सर्वेक्षण (२०७९/८०) अनुसार सरकारी क्षेत्रमा कार्यरत डाक्टर ६ हजार १३८, कविराज ६७४, वैद्य ६९३, नर्स/अ.न.मी. २७ हजार ६८३ जना, स्वास्थ्य सहायक १५ हजार ८९६ जना, महिला स्वास्थ्य स्वयंसेविका ५१ हजार ४२३ जना छन्। नेपालको मेडिकल काउन्सिलमा दर्ता भएका मेडिकल चिकित्सक २७ हजार ८०५, दन्त चिकित्सक ४ हजार ४१३, विशेषज्ञ चिकित्सक एक हजार ८०, नर्स विशेषज्ञ एक हजार ३२६, नर्स ७३ हजार ८८९, अ.न.मी. ३७ हजार १८३ छन्।

२०) विश्व बैङ्क (सन् २०२४) अनुसार सन् २०२१ मा थाइल्यान्डको औसत आयु ७८.७२ वर्ष छ।

२१) आर्थिक सर्वेक्षण (२०७९/८०) अनुसार वि.सं. २०७९ फागुनसम्म नेपालमा स्वास्थ्य संस्थाहरू निम्नबमोजिम छन् :

| | |
|---|---|
| (अ) अस्पताल | २१५ ओटा |
| (आ) प्राथमिक स्वास्थ्य केन्द्र | २०१ ओटा |
| (इ) स्वास्थ्य चौकी | ३,८२० ओटा |
| (ई) उपस्वास्थ्य चौकी/आधारभूत स्वास्थ्य सेवा केन्द्र | ३,१९६ ओटा |
| उ) आयुर्वेदिक औषधालय | ४२६ ओटा |
| जम्मा ७,८५८ ओटा | |

२२) विश्व बैङ्क (सन् २०२४) अनुसार सन् २०२० मा स्वास्थ्यमा नेपालले प्रतिव्यक्ति ५८.३१ अमेरिकी डलर खर्च गरेको छ।

***साभार : आत्मनिर्भरताको प्रश्न र आर्थिक विकास***




दक्षिणपूर्वी एसियाली देश फिलिपिन्सको राजधानी मनिलामा जलवायु सङ्कटलाई बढावा दिने विनाशकारी साम्राज्यवादी शक्तिविरुद्धको विश्वव्यापी अभियानअन्तर्गत बोनिफासियो एभिन्यूबाट अमेरिकी दूतावाससम्म भएको विरोध जुलुस सेप्टेम्बर १८, २०२६ को दिन ।

क्रमिक सङ्कटको बिचमा, मार्कोस-डुटेर्टे सरकार र ट्रम्प प्रशासनदेखि लिएर ग्लोबल नर्थका शासक र उनीहरूका पुँजीवादी र कर्पोरेट सहयोगीहरूलाई सृजना गर्ने र कायम राख्नेहरूलाई जवाफदेही बनाउन आवश्यक रहेको पिपुल्स पार्टी फर मास एक्सन-पीएलएमले जोड दिएको छ । *तस्बिर : पीएलएम फेसबुक पेज*

# रुसी संसदीय निर्वाचनका लागि मतदान सुरु

मस्को, २ असोज (एएफपी) । रूसको तीनदिने निर्वाचनको सुरुवातका रूपमा सुदूर पूर्वी क्षेत्रमा हुने संसदीय निर्वाचनका लागि मतदान शुक्रबार बिहानै सुरू भएको छ ।

युक्रेनसँगको युद्धको पाँचौं वर्षमा यो चुनाव भइरहेको छ । सन् २०२२ फेब्रुअरीमा मस्कोले युक्रेनमा सेना पठाएपछि भइरहेको यो रुसको पहिलो संसदीय चुनाव हो ।

निर्वाचन पूर्ण नियन्त्रित भएको अवस्थामा राष्ट्रपति भ्लादिमिर पुटिनको दलको विजय लगभग निश्चित देखिएको बताइएको छ ।

यस द्वन्द्वमा सयौँ हजार मानिसहरूको मृत्यु भएको छ । पुटिन र क्रेमलिनको लामो सैन्य अभियानलाई समर्थन गर्ने दलहरू मात्र दर्ता भएका छन् ।

मस्कोले कब्जा गरेको युक्रेनमा पनि मतदान आयोजना गरेको छ । रुसमा थोरै मानिसहरूले मात्र पुटिनको युनाइटेड रसिया पार्टी फेरि सहजै विजयी हुनेमा शङ्का गर्छन् । तर यो चुनाव क्रेमलिनका




लागि युक्रेन युद्धप्रति जनसमर्थन नाप्ने अवसर हो ।

यस वर्ष युद्धका प्रभावहरू पहिलेभन्दा बढी घरेलु रूपमा महसुस भएका छन् । लडाइँको गम्भीर स्मरणका रूपमा मस्कोका मेयर सेर्गेई सोब्यानिनले शुक्रबार भन्नुभएको छ, "रुसले राजधानीतर्फ आउने दर्जनौं युक्रेनी ड्रोनहरू नष्ट गरेको छ । युक्रेनको स्थानीय समयअनुसार सेप्टेम्बरको १७ साँझ ८ बजेदेखि १८ सेप्टेम्बरको बिहान ७ बजेसम्म मस्को क्षेत्रतर्फ ३५० भन्दा बढी ड्रोन उडेका थिए," उहाँले टेलिग्राममा लेख्नुभएको छ ।

आक्रमणका लागि पठाइएका ती अधिकांश ड्रोनहरू बाहिरी रक्षा परिधिमा नष्ट भए र केही ६४ वटा शहर नजिक आइपुग्दा केही निष्कृय गरिएको थियो ।

ड्यूमा अर्थात् रुसको तल्लो सदनका ४५० सिटका लागि नयाँ जनादेश लिन भएको मतदान आइतबारसम्म चल्नेछ ।

नेता पुटिनले सन् १९९९ को नयाँ वर्षको पूर्वसन्ध्यादेखि रुसमा शासन गरिरहनुभएको छ र उहाँको युनाइटेड रुसिया पार्टीले सन् २००० को दशकको सुरुदेखि रुसी राजनीतिमा प्रभुत्व जमाएको छ । मस्कोले युक्रेन अभियानको आलोचनामाथि प्रतिबन्ध लगाएको छ र क्रेमलिनद्वारा कडा नियन्त्रित रुसी चुनावले थोरै आश्चर्य ल्याउँछ भन्ने विश्लेषकहरूको बुझाइ रहेको छ ।

'पुटिनका लागि भावनात्मक रूपमा महत्त्वपूर्ण' मानिने युनाइटेड रसियाले पुटिनका अधिकांश नीति र युक्रेन युद्धलाई समर्थन गर्ने दलहरू रसियन कम्युनिस्ट पार्टी, राष्ट्रवादी एलडीपीआर, अ जस्ट रसिया र न्यू पिपलसँग मात्र प्रतिस्पर्धा गर्दैछ ।

# उच्च मुद्रास्फीतिको सामना गर्न जापानमा ब्याजदर ३१ वर्ष यताको उच्च बिन्दुमा

टोकियो, २ असोज (एएफपी) । जापानको केन्द्रीय बैङ्कले शुक्रबार ब्याजदरलाई ३० वर्षभन्दा बढीको उच्च बिन्दुमा पुऱ्याएको छ र ऊर्जा मूल्य बढ्दा तथा येन कमजोर हुँदा मुद्रास्फीति नियन्त्रण गर्न थप वृद्धि गर्ने बताएको छ ।

बजारले अपेक्षा गरे अनुरूप नै बैङ्कले २५ आधार बिन्दुको वृद्धि गरेर १.२५ प्रतिशत पुऱ्याइएको हो ।

युरोपेली केन्द्रीय बैङ्क र अमेरिकी फेडेरल रिजर्भको हालैको कडा नीतिपछि यो निर्णय भएको हो । तर निर्णय एकमत थिएन । निर्णयलाई ७-२ बहुमतले पारित गरिएको हो ।

मध्यपूर्व सङ्कटका कारण तेल मूल्यमा आएको उछालले मुद्रास्फीतिमाथि निरन्तर दबाब दिने अपेक्षाका कारण अधिकारीहरूमाथिको ब्याजदर वृद्धि गर्नुपर्ने बाध्यता आएको हो । यो छिट्टै अन्त्य हुने छाँट देखिँदैन दबाब निरन्तर बढेको छ ।

"अन्तरनिहित सीपीआई मुद्रास्फीति दुई प्रतिशत नजिक आइरहेको र वित्तीय अवस्था सहज भएकाले बैङ्कले नीतिगत ब्याजदर बढाउन जारी राख्नेछ," बैङ्क अफ जापानले आफ्नो वेबसाइटमा भनेको छ ।

केन्द्रीय बैङ्करहरू येनको गतिविधिको निगरानी गरिरहेका छन् । येन जुलाईमा डलरसँग ४० वर्षको न्यूनतम बिन्दुमा झरेको थियो जसले विदेशी मुद्रा बजारमा ऐतिहासिक अमेरिकी-जापानी संयुक्त हस्तक्षेप गराएको थियो ।

विशेष गरी जापानको अझै कम ब्याजदर र फेडेरल रिजर्भबिचको ठुलो अन्तरले लगानीकर्ताहरूलाई राम्रो प्रतिफल दिने डलरमा कारोबार हुने सम्पत्तिहरूतर्फ आकर्षित गरेको छ ।

सन् १९९५ पछिको उच्चतम स्तरमा पुऱ्याइएको यो वृद्धि हप्तौं देखि सङ्केत गरिएको थियो तर पनि घोषणापछि येनप्रति डलरभन्दा १५७ भन्दा बढी मूल्यले कमजोर देखियो । घोषणाअघि यो करिब १५६.३० थियो ।

"बजारले वृद्धिबिचको दूरी छोट्याउन सक्ने प्रमाण बैङ्कले खोजिरहेको थियो, ती असहमतिहरू महत्त्वपूर्ण थिए," क्विन्टेक्स इन्टेलका स्टेफन इन्नेसले भन्नुभयो ।

"व्यापारीहरू बैङ्क अहिले छिटो अघि बढ्न सक्ने सङ्केत खोजिरहेका थिए तर दुई सदस्यहरू पहिले नै आजको कदम पनि धेरै चाँडो भएको तर्क गरिरहेका थिए ।"

सस्तो येनले आयातित वस्तुको लागत बढाइरहेको छ जसले मुद्रास्फीतिमाथि दबाब दिइरहेको छ ।

"अगस्टमा मुद्रास्फीतिमा थोरै परिवर्तन आयो तर उच्च ऊर्जा लागतमा प्रभाव पारिरहेको सङ्केत बढ्दै गएका छन् र हामी यसलाई छिट्टै बैङ्कको दुई प्रतिशत लक्ष्यभन्दा माथि पुग्ने अपेक्षा गर्छौं," क्यापिटल इकोनोमिक्सका मार्सेल थिलियन्टले भन्नुभयो ।

सरकारले घरपरिवारको क्रयशक्तिमा मुद्रास्फीतिको प्रभाव कम गर्न प्रयास गरिरहेको छ । विशेष गरी, ठुलो प्रोत्साहन प्याकेज, ऊर्जामा व्यापक कर छुट र उपभोग समर्थनका लागि वसन्तमा अपनाइएका उपायहरू अर्थात् सन् २०२५ को अन्त्यमा अपनाइएको नीतिका साथ टोकियोले यस हप्ता खाद्य उत्पादनहरूमा उपभोग कर दुई वर्षका लागि आठ प्रतिशतबाट एक प्रतिशतमा घटाउने ठुलो निर्णय पनि गरेको छ सन् २०२७ अप्रिलदेखि लागू हुनेछ ।

## विश्व सङ्क्षेप

### पाकिस्तानमा बम विस्फोटमा ६ सैनिकको मृत्यु

इस्लामावाद, २ असोज (एपी) । उत्तरपश्चिमी पाकिस्तानमा सडक किनारमा राखिएको बम सुरक्षा बलको सवारीमाथि विस्फोट हुँदा छ जना सैनिकको मृत्यु भएको छ । घटनापछि सुरक्षा बलले गरेको छुट्टाछुट्टै कारबाहीमा पाकिस्तानी तालिबानका सदस्य रहेको आशङ्का गरिएका १० जना आतङ्ककारी मारिएको पाकिस्तानी सेना र प्रहरीले शुक्रबार जनाएको छ ।

खैबर पख्तुनख्वा प्रान्तको हङ्गु जिल्लामा बिहीबार सुरक्षा बलको सवारीलाई लक्षित गरी बम विस्फोट गराइएको स्थानीय अधिकारीहरूले बताएका छन् । विस्फोटमा छ सैनिकको मृत्यु भएको पुष्टि गरिएको छ ।

सेनाका अनुसार उत्तरी वजीरिस्तान र हङ्गु जिल्लामा बिहीबार गरिएको विभिन्न गुप्तचर सूचनामा आधारित कारबाहीका क्रममा सन्दिग्ध आतङ्ककारी लुकेका स्थानमा छापा मारिएको थियो । ती कारबाहीमा १० जना आतङ्ककारी मारिएको सेनाले विज्ञप्तिमार्फत जनाएको छ ।

सेनाले मारिएका व्यक्तिलाई 'ख्वारिज' भनेको छ । पाकिस्तानी सरकारले तहरीक-ए-तालिबान पाकिस्तान (टिटिपी) का सदस्यलाई जनाउन उक्त शब्द प्रयोग गर्दै आएको छ । टिटिपी अफगानिस्तानमा सन् २०२१ मा पुनः सत्तामा आएको तालिबानबाट अलग सङ्गठन भए पनि दुवैबिच सम्बन्ध रहेको बताइन्छ ।

पाकिस्तानमा यस वर्ष पनि सुरक्षा बलमाथि भएका विभिन्न आक्रमणमा सैनिक मारिएका छन् । गत जुनमा आतङ्ककारीसँग भएको भिडन्तमा पाकिस्तानी रेन्जर्सका तीन सैनिक मारिएका थिए भने चार जना घाइते भएका थिए ।

### भारत-भुटान ऊर्जा सहकार्य विस्तार

नयाँदिल्ली, २ असोज (एएनआई) । भारत र भुटानले ऊर्जा परियोजनाका लागि चार हजार करोड भारतीय रूपैयाँको ऋण सुविधा (लाइन अफ क्रेडिट) सम्झौताको स्वागत गर्दै द्विपक्षीय ऊर्जा सहकार्यलाई थप विस्तार गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । भारतका विदेशमन्त्री एस जयशङ्करको सेप्टेम्बर १६ देखि १८ सम्मको भुटान भ्रमणका क्रममा दुवै देशले द्विपक्षीय सहयोग तथा क्षेत्रीय र अन्तर्राष्ट्रिय विषयमा छलफल गरेका थिए । दुवै पक्षले भारत-भुटान ऊर्जा साझेदारीमा भएको प्रगतिप्रति सन्तुष्टि व्यक्त गर्दै एक हजार २० मेगावाटको पुनात्साङ्छु-२ जलविद्युत् आयोजना उद्घाटन र एक हजार २०० मेगावाटको पुनात्साङ्छु-१ आयोजनाको बाँध निर्माण पुनः सुरु भएको विषयलाई महत्त्वपूर्ण उपलब्धिका रूपमा उल्लेख गरेका छन् ।

भुटानका विभिन्न जलविद्युत् आयोजनामा भारतीय कम्पनीको सक्रिय सहभागिताको पनि स्वागत गरिएको छ । भ्रमणका क्रममा मोङ्गरमा ६५ शय्याको मातृ तथा बाल अस्पताल, सामद्रुप जोङ्खर-त्राशिगाङ राजमार्गको जगन्नाथन पुल र ५०० किलोवाटको लुनाना जलविद्युत् आयोजनालगायत विकास परियोजनाको उद्घाटन गरिएको थियो ।

### अस्ट्रेलियामा अध्यागमन प्रणाली अवरुद्ध

सिड्नी, २ असोज (सिन्ह्वा) । अस्ट्रेलियाका तीनवटा व्यस्त विमानस्थलहरूमा शुक्रबार अध्यागमन प्रणाली अवरुद्ध हुँदा अन्तरराष्ट्रिय यात्रुहरूको उडान प्रभावित भई यात्रुहरु समस्यामा परेको जनाइएको छ ।

प्राविधिक समस्याले सिड्नी, मेलबर्न र ब्रिस्बेन विमानस्थलहरूमा आउने र जाने अन्तरराष्ट्रिय उडानहरूको लागि विद्युतीय पासहरू प्रभावित भएको जनाइएको छ । स्थानीय मिडियाले रिपोर्ट गरेअनुसार प्रणलीमा अवरुद्धका भएका कारण अन्तर्राष्ट्रिय टर्मिनलहरूमा यात्रुहरूको लामो लाइनहरू थिए ।

अस्ट्रेलियाली सीमा बलका प्रवक्ताले न्यूज कर्प अष्ट्रेलियाका अखबारहरूलाई जानकारी गराएअनुसार एजेन्सीलाई समस्याको बारेमा थाहा थियो र यात्रुहरूलाई भौतिक रूपमा प्रशोधन गर्न थप अधिकारीहरू खटाइएको थियो ।

उनीहरुले समस्या समाधान गर्न प्रयास जारी राख्दै यात्रुहरूको धैर्यताका लागि आह्वान गरेका छन् ।

# राष्ट्रसङ्घद्वारा अब्बासलाई भिडियोमार्फत आम बहसमा सहभागी हुन अनुमति

संयुक्त राष्टसङ्घ, २ असोज ( सिन्ह्वा) । संयुक्त राष्ट्रसङ्घीये महासभाले बिहीबार एक प्रस्ताव पारित गर्दै प्यालेस्टिनी राष्ट्रपति महमुद अब्बासलाई यस वर्षको आम बहसमा भिडियोमार्फत सहभागी हुन अनुमति दिएको छ । अमेरिकाले उहाँलाई प्रवेशाज्ञा (भिसा) दिन अस्वीकार गरेपछि यो निर्णय लिइएको जनाइएको छ ।

सभामा १५२ मत पक्षमा, ३ मत विपक्षमा र ४ मत तटस्थ रहँदै पारित भएको यस प्रस्तावअनुसार, प्यालेस्टाइनले अब्बासको पूर्व-रेकर्ड गरिएको मन्तव्य पेस गर्न सक्नेछ । भौतिक रूपमा उपस्थित प्यालेस्टिनी प्रतिनिधिले परिचय गराएपछि महासभाको हलमा हुने आम बहसका क्रममा उक्त मन्तव्य प्रसारण गरिनेछ ।

यस प्रस्तावले प्यालेस्टाइनसम्बन्धी विषयको शान्तिपूर्ण समाधान र दुई-राज्य बीचको मतभेदको समाधानको कार्यान्वयनका लागि आयोजना गरिने उच्च-स्तरीय अन्तर्राष्ट्रिय सम्मेलनका बैठकहरूमा पनि प्यालेस्टाइनलाई भिडियो-कन्फरेन्स वा पूर्व-रेकर्ड गरिएको मन्तव्यमार्फत सम्बोधन गर्ने अनुमति दिएको छ ।

यदि प्यालेस्टाइनका प्रतिनिधिहरू राष्ट्रसङ्घका बैठकहरूमा प्रत्यक्ष सहभागी हुनबाट वञ्चित भएमा, यस प्रस्तावले प्यालेस्टाइनलाई आफ्ना राष्ट्रपति वा अन्य कुनै उच्च-स्तरीय प्रतिनिधिको पूर्व-रेकर्ड गरिएको मन्तव्य पेस गर्न अनुमति दिन्छ । यस्तो सुविधा राष्ट्रसङ्घका उच्च-स्तरीय बैठक वा सम्मेलनका साथै महासभा वा राष्ट्रसङ्घका अन्य निकायहरूको तत्वावधानमा आयोजना गरिने अन्तर्राष्ट्रिय सम्मेलन र बैठकहरूमा पनि लागू हुने गर्छ ।

अमेरिकाले बुधबार अब्बाससहितका प्यालेस्टिनी अधिकारीहरूमाथि भिसा प्रतिबन्धलाई निरन्तरता दिएका कारण अब्बास लगातार दोस्रो वर्ष पनि राष्ट्रसङ्घीय महासभाको उच्च-स्तरीय बैठकको सातामा प्रत्यक्ष रूपमा सहभागी हुन नपाउनु भएको हो ।

# दोषी चस्मा

मोहिनी

आदरणीय गुरुजन,

धेरै दिन भयो मेरी छोरी झर्किन थालेको ।

सबैसँग मिलेर बस्न, फरासिलो हुन सिकाएकी हुँ । अरूले 'तिम्री सानी छोरी त कति मिलनसार' भन्दा मख्ख हुन्थेँ । तर, अचानक यो कस्तो बदलाव ? खुलेर बोल्न छोडेकी छे । आमाको मन हो, पोल्ने भइहाल्यो ।

'कसरी बुझ्ने होला' भन्ने भयो । उसका साथीहरूसँग सोधी हेरेँ । सबैले एउटै कुरा भने - विज्ञान र गणितका शिक्षकसँग खटपट भएर हो ।

एक मनले भन्यो - "शिक्षकसँग पनि खटपट हुन्छ र ? कस्ता जमाना आए !" हो, समय सधैँ उस्तै कहाँ हुन्छ र ? 'जमाना फेरिए साइँली' भन्ने त गीत नै छ । हाम्रोजस्तो जमाना आज रहेन ।

हिजो म पनि शिक्षिका थिएँ । बिहे भएपछि पढाउन छोडेर गृहिणी भएँ । पढाउने मन नभएको होइन, तर काखको बच्चो सानै छ । यो हुर्केपछि फेरि पढाउने पेसामा फर्किने सोचेकी छु ।

कुरा अन्तै मोडियो सर । तपाईंहरूलाई छोरीको व्यथा बताऊँ भनेर लेख्दै छु ।

किन हो कुन्नि, मेरी छोरीको रुचि समाज विज्ञानमा गयो ।

सानैदेखि हामीकहाँ आउने पत्रपत्रिका हेर्दै आएकी छे । शनिबारको दिन पत्रिका पढेपछि समाजका उचनीचजबारे घण्टौँ सोचिबस्छे । नानाथरी प्रश्न सोध्छे । चेलीबेटी बेचबिखन, बलात्कार र बोक्सी प्रथाका समाचार पढेर आत्तिन्छे । महँगी, बेरोजगारी र सरकारको पारा देखेर क्षुब्ध हुन्छे । त्यसैले हो सायद, संसार बदल्ने हुटहुटी पलाएजस्तो लाग्छ । भन्न त भन्दिन मसित । तर, आमाको मन हो, अन्दाज त हुन्छ ।

हजुरले 'अप्सनल म्याथ नपढ्नेहरू' लाई होच्याउनुभएछ सर । मेरी छोरीले 'अप्सनल म्याथ' लिइन । त्यसैले, उसलाई 'कम्पलसरी म्याथ' को ट्युसन अनिवार्य भन्नुभएछ । 'कम्पलसरि म्याथ' मा उति नजान्ने होइन मेरी छोरी ।

एकातिर 'अप्सनल म्याथ नपढ्नेहरू' लाई 'ग्वाँचे-गँवार' भनियो, अर्कोतिर 'ट्युसनको व्यापार' गर्ने मनोदशा प्रकट भयो । त्यही भएर फायर भएकी छे । छोरीलाई त म सम्झाइहाल्छु । तर, हजुरलाई कसले सम्झाउला ? यही चिन्ताले सताएर यो धृष्टता गरेकी ! रिसानी माफ होस् !

'संसारमा सबै विषयको आआफ्नै महत्त्व छ ।' अरूलाई अर्ती उपदेश बाँड्ने बेला धेरैले यो कुरा दोहोऱ्याउने गर्छन् । तर, यसलाई उति सिरियस्ली लिँदैनन् । यस्तो गफ दिनु क्लिसे भइसक्यो ।

तर, सरहरूलाई मेरा केही प्रश्न छन् -

गौतम बुद्धले आजको जस्तो विज्ञान र गणित पढ्नुभएन । तर, के समाजबाट दुःख हटाउने उहाँको शिक्षाको कुनै अर्थ छैन ? गालिबले आजको जस्तो विज्ञान पढेका थिएनन् । तर, के उनी कच्चा मान्छे थिए ? न्युटनलाई समाज विज्ञानमा रुचि थिएन । तर, के उनको गणित काम लाग्दैन ? अथवा, चार्ल्स डार्विनलाई गणितमा रुचि थिएन । तर, के उनको क्रमविकासको सिद्धान्त अर्थहीन भयो ? मारिया मन्टेसोरी र पाउलो फ्रेरेलाई गणितसँग लिनुदिनु थिएन । तर, के तिनको शिक्षाशास्त्रको कुनै मूल्य छैन ? चार्ली च्याप्लिनलाई 'साइन ठिटा, कस बिटा' सँग मतलब थिएन । तर, हिटलरविरुद्ध उनले जस्तो कसैले बोल्न सक्यो ? रवीन्द्रनाथ टेगोर १० कक्षामा ७ पल्ट फेल भए । तर, के त्यसले उनलाई विश्वकवि हुनबाट रोक्यो ?

जुनसुकै क्षेत्रमा जाने विद्यार्थी भए पनि उसलाई 'अविदितको यात्रा' मा जान उत्प्रेरित गर्नु असल शिक्षकको परिचय हो । सरहरूबाट यस्तो प्रेरणा निःसृत हुन नसकेको देख्दा दुःख लाग्यो ।

त्यसो त म पनि विज्ञानकी शिक्षिका थिएँ । विज्ञान पढाउने शिक्षकले नाडीमा रातो-पहेँलो डोरो, घाँटीमा मन्दिरको माला, निधारमा धर्के टीका र तालुमा टुप्पी पालेको देख्दा मलाई पनि दिक्क लाग्थ्यो ।

विज्ञान पढाउने धेरैथरी 'गुरु'/'गुर्जु' देखेकी छु ।

पत्नी मिन्स हुँदा धर्म जाने डरले नमिठो खाना पकाउन अघि सर्ने विज्ञानका प्राध्यापकलाई देखेकी छु । शौचालय पस्ने बेला जनै कानमा चढाउने गणितका शिक्षक देखेकी छु । दिउँसो स्कूलमा विज्ञान पढाउने र साँझबिहान चिना लेख्ने; कर्मकाण्ड गराउने शिक्षक पनि देखेकी छु । मेरी एउटी सहकर्मी हुनुहुन्थ्यो । बिहान मन्दिरमा घण्टी बजाउने, दिउँसो विज्ञान पढाउने र साँझ भजन गाउने गर्नुहुन्थ्यो । यस्ता अन्धविश्वासी शिक्षक देखेर मलाई पनि डर लाग्छ ।

विज्ञान त संसारलाई जस्तो छ त्यस्तै हेर्ने चस्मा हो । वैज्ञानिक चेत भएका शिक्षकको मद्दतले विद्यार्थीले आफ्नो त्यो चस्मा चिल्याउँछन् । संसारलाई जस्ताको तस्तै हेर्ने तरिका सिक्छन् । प्रकृतिप्रति जिम्मेवार बन्न सिक्छन् ।

कोही समाजप्रति जिम्मेवार बन्न चाहन्छ भने त्यसमा आपत्ति किन ? आखिर, समाज विज्ञान पनि विज्ञान नै हो । फ्रान्सेली क्रान्तिताका एक गणितज्ञले भनेका थिए - मानव मुक्ति नै समाज विज्ञानको मूल उद्देश्य हो । त्यो मुक्तिको अर्थ थियो - गरिबी, अभाव र असमानताबाट मुक्ति ।

भाषा विज्ञानलाई पनि हामीकहाँ समाज विज्ञानमा राख्ने चलन छ ।

एक दिन छोरीहरू आपसमा कुरा गर्दै थिए । ठूलीले भनी, "लेक्चरर रे, 'मेरी छोरी अमेरिकामा सेटल भई' भन्दै लौकाजत्रो नाक बनाउनुहुन्छ । 'ब्रिलियन्ट विद्यार्थी यहाँ बस्ने नै होइन; तिमीहरूले पनि इङलिस राम्रो बनाउनु है' भन्नुहुन्छ ।" खाना पकाउँदै थिएँ । छोरीको कुरा धेरै बेर मनमा खेलिरह्यो । सरकारी रासनपानी खाने सबै शिक्षक उहाँजस्तै कन्सल्टेन्सीको एजेन्ट बन्न थालेपछि के होला ? दुःख लाग्यो ।

सबैले विज्ञानको मर्म बुझेका हुन्छन्, वैज्ञानिक चेत तिखारेका हुन्छन् वा विज्ञानसम्मत जीवन पद्धति अपनाएका हुन्छन् भन्ने छैन । मनमनै 'मै लाऊँ, मै खाऊँ' भन्ने र बाहिर आधुनिकताको स्वाङ पार्ने पनि धेरै हुन्छन् । समाज विज्ञान होस् वा प्रकृति विज्ञान; कलाकारिता होस् वा साहित्य; तुच्छता र छुद्रता सर्वत्र घुसेको छ । भरसक धेरै पैसा थुपार्ने, जथाभावी हसुर्ने र भोगविलासमा चुर्लुम्म डुब्ने लालस पढेलेखेकैहरूमा बढी पाइन्छ ।

कस्तो शिक्षा दिन खोज्दै छौँ हामी नयाँ पुस्तालाई ? सबै सर-म्यामलाई यो आमाको बिन्ती छ - झर्को नमानी सोचिदिनुहोला ।

समाजबाट अत्तासिएकी छात्राकी
एक पीडित आमा ।

## कविता

### सहिदको बलिदानलाई कुल्चनेहरू !

✍ माया

देशको सेवा गर्ने शपथ खाई
कुर्सीमा पुगेकाहरू
भ्रष्टाचार र कुशासनमा डुब्नेहरू
देश जलाउनेहरूलाई समाउन नसक्नेहरू
कोही राजीनामा दिएर
हेलिकप्टरमा भाग्नेहरू
कोही सेनाको शरणमा पुग्नेहरू
कोही रोएर उही कुर्सीमा टाँसिरनेहरू
आफैले बनाएको संविधान
मिलेर उल्लङ्घन गर्नेहरू
पूर्वप्रधान न्यायाधीशलाई कुर्सीमा राख्नेहरू
प्रतिनिधिसभा भङ्गको अधिकार आफै
दिने
जनताले कठालो समाउने भएपछि
'अन्तरिम प्रधानमन्त्री मात्र बनाउनू
प्रतिनिधिसभा भङ्ग नगर्नू'
सहमति यति हो भनी रोइलो गर्नेहरू
जो प्रधानमन्त्री हुन्छ
उनले प्रधिनिधिसभा भङ्ग गर्न सक्ने
संवैधानिक बन्दोबस्त
के तिमीहरूलाई थाहा छैन र ?
पालैपालै प्रधानमन्त्री भएकाहरू
देशलाई खरबौँको ऋणमा डुबाउनेहरू
युवालाई विदेशमा पठाउँदै
देश परनिर्भर बनाउनेहरू
सहिदको बलिदानलाई कुल्चनेहरू !

*(२०८३ असोज १)*

### कठपुतली

✍ साहिँला

व्यवस्थित आवास योजना
आवश्यकताअनुसार पूर्वाधार
निर्माण गरिदिनु हो
आफ्नै ठाउँ आफ्नै क्षेत्रमा ।

योगदानअनुसारको सुविधा
काखा र पाखा हुन्न
बिनायोगदान सुविधा लिनु
लोभी पापी मन ।

एक हातले लिनु अर्को हातले दिनु
सामाजिक न्याय
लिनमात्र जानु, दिन नजानु
यो त सरासर अन्याय ।

केही लोभी पापीहरू
चाहिन भन्थे आवास
दुःख दिन पल्केकाहरू
उही भलाद्मी बन्थे ।

आफूले पाउने भए त
आँखा चिम्ली लिन्थे
आफूले योगदान दिनुपरे
उफ्री उफ्री विरोध गर्थे ।

सार्वजनिक सम्पत्ति हडप्नेहरू
समाजसेवी अभियन्ता भन्थे
लाजै नमानी तिनीहरू
दोबाटोमा बसी खान्थे ।

छमछम नाच्दछन् कोही
कोही सुरिला भाकाले गाउँछन्
गाउँदै नाच्दै फिर्दै जाँदा
निवस्त्र आफै हुन्छन् ।

ठग भ्रष्टहरूकै संरक्षणमा
लडीबुडी खेल्छन्
निष्कलङ्क व्यक्तित्वमाथि
मन लागी लाञ्छना लाउँछन् ।

जनताको आँखा दूरबिन सरह छन्
लाञ्छना लगाउनुपर्दैन
अर्काको इच्छामा नाच्नेहरू
कठपुतली किन होइन ?

### संविधान

✍ मोनिका चाकतु

हिमालझैँ उच्च मेरो यो देशमा
लेखिएको छ अधिकार सन्देशमा
न्याय, समानता सबैका लागि,
संविधान बनेको छ जनताको लागि

बोल्ने अधिकार, सोच्ने स्वतन्त्रता
नरोकिने कहिल्यै विचारको यात्रा
छापाखाना, आवाज सबै खुला
सत्य बोल्न नलागोस् कुनै जुर्माना

समानता मेरो जन्मसिद्ध हक
न जात, न भेद, सबै एउटै पथ
कोही माथि होइन, कोही तल होइन
सबै नेपाली बराबर छौँ हामी यही

शिक्षा पाउने अधिकार मेरो
ज्ञानको बाटोले खुल्छ उज्यालो सहरो
सपना देख्ने, अघि बढ्ने शक्ति
शिक्षाले दिन्छ जीवनमा जिउने भक्ति

स्वास्थ्य, भोजन र बासको हक,
जिन्दगी बाँच्ने सम्मानको चक
भोक, रोग, डर सबै हटोस्,
मानवताको उज्यालो फुलोस्

काम गर्ने अधिकार, मेहनतको मान,
इमानदार श्रमको हो ठुलो सम्मान
न्यायोचित ज्याला, सम्मानित जीवन,
कामले बनोस् उज्यालो भविष्यको धन

न्याय पाउने अधिकार सबैको साथ,
अदालतले सुनोस् निष्पक्ष बात
डरबिना न्याय माग्न पाइयोस्,
सत्य सधैँ जितिरहोस्

यी हकहरू केवल शब्द होइनन्,
जनताको जीवनको आधार हुन्
संविधान २०७२ को उज्यालो दीप,
नेपालको भविष्य बनोस् असीमित ।

### धर्तीको अन्तिम पुकार

✍ राजु तामाङ

तातो हुँदै छ धर्तीको छाती,
जल्दै छ हिमालको शिर,
घाम पनि आज आगो बोकी
झर्दै छ मान्छेको घर-घर ।

बाढीले बस्ती बगाउँछ,
कहीँ पहिरोले बाटो छेक्छ,
कहीँ खडेरीले खेत चर्काउँछ,
कहीँ आँधीले सपना भत्काउँछ ।

हिउँका सेता मुकुटहरू
बिस्तारै आँसु झार्दै छन्,
नदीका नीला आँखाहरू
आफ्नै किनार खोज्दै छन् ।

वन काटेर सहर बनायो
धुवाँले आकाश ढाक्यो
सुविधाको अन्धो दौडमा
प्रकृतिको मुटु नै च्यात्यो ।

आज हावा पनि थाकेको छ,
सासभित्र विष मिसिएको छ,
अक्सिजन दिने रूख घट्दा
जीवनको मूल्य बुझिएको छ ।

ए मानव ! अझै समय छ,
धरतीलाई घाउ नदेऊ,
एउटा रूख रोपेर मात्रै होइन
वनलाई जोगाउने प्रण गरौँ ।

धुवाँ घटाऔँ, ऊर्जा बचाऔँ,
पानी-माटोको मान गरौँ,
प्रकृतिसँग युद्ध होइन,
प्रकृतिसँगै जीवन धरौँ ।

नत्र भोलि सन्तानले सोध्नेछन्
कस्तो थियो त्यो हरियो संसार ?
हामीसँग फोटो त हुनेछ,
तर बाँकी रहनेछैन त्यो बहार ।

### क्रान्तिका नायक किसान

✍ न्हुछेरत्न वुद्धाचार्य

बिहानीको सूर्य भई
कालो बादल हटाई उज्यालो पार्न
इलम, सीप, श्रमको दक्षता लिएर
अन्याय र दासताबाट मुक्त हुन
सधैँ सङ्घर्ष गरिरहने

हत्केलाभरि ठेला उठेर
घाउ घाउ भएर
पिठ्युँमा नोलको दाग पारेर
भोकको बेदनाले सताइरहेका पीडित ज्यामी

चुँडालेर मासु खसालेर आँसु
किसानले खन्छन् खेत
आफ्नै पौरखले स्वाभिमानी भएर बाँच्ने
युगान्तकारी परिवर्तनको लागि जीवन
अर्पण गर्ने

कुटो, कोदालोको पसिना
हजारौँ श्रमको मोती दाना
भक्षकहरूले असत्य गरी चुसिराखेको
आफ्नो रगत पसिना फिर्ता लिन
विद्रोह गरिरहने श्रमिक

माटोमा लडिबुडी
परिश्रम गरिरहेको
एक एक कृषकको एकताले
फेरिन्छ देशको मुहार

मर्का, असन्तुष्टि, अभावहरूको
तपस्या सपना पूरा गर्न
मुटुभरि आड, ओठभरि ज्वाला बोकेर
अघि बढिरहेका क्रान्तिका नायक किसान

### नारीको वेदना

✍ कृष्णश्वरी फोजू

आज पल्लाघरको साइली सुत्केरी भइछिन्
एउटीले सोध्छिन् उनले के ? जन्माइछिन् ?
अर्कीले भन्छिन् चन्द्रमुखी छोरी भित्रिइन्
अर्कीले फेरि भन्न थालिन् चार छोरीको आमा बनिन् ।
सारा समाजमा सूचना फैलन थाल्दछन्
फलानोले फेरि पनि छोरी जन्माइछे भन्छन्
भन्दै हिँड्छन् असाध्यै नै अलिछिनी रहिछिन्
एउटा छोरा पनि अझसम्म पाउन सकिनन् ।
विडम्बना ! यहाँनेर छ यस विषयमा एउटी नारी निर्दोष छ
हाम्रो समाजमा नारी मात्र दोषी भन्ने सोच छ
कता कता यो निर्दयी समाजले नारीलाई निल्न त होइन ?
तँ यस्ती तँ उस्ती भनी निन्दा गर्न कहिल्यै छोड्दैन ।
जो नारी सन्तानका लागि दिनरात खटिरहन्छिन्
आफ्नो घर परिवार आफन्त भनी जुटिरहन्छिन्
दुःख, कष्ट, पीडा र वेदना सहेर हाँसिरहन्छिन्
आफ्नो भोक, प्यास र निद्रा बिर्सेर बाँचिरहन्छिन् ।
नारी र पुरुष एकै रथका दुई पाङ्ग्रा हुन्
नारी पनि त नेपाल आमाकी प्यारी सन्तान हुन्
नारीलाई कहिल्यै कमजोर ठान्नु हुँदैन
नारीलाई पनि पुरुष समान हक अधिकार दिन छोड्नु हुँदैन ।
आज नारी डाक्टर इन्जिनियर हरेक क्षेत्रमा सफल भएका छन्
नारी पनि उच्च शिखर सगरमाथाको आरोही बनेका छन्
यस्ता नारीलाई कोही कसैले अपहेलना नगरौँ
सकेसम्म उनलाई मान, सम्मान र प्रतिस्थान राखौँ ।
आफ्नो जन्मघर छाडी कर्मघर रोजेर आउँछिन् एउटी नारी
आदर्श नारी बनी बहन गर्छिन् उनी हरेक जिम्मेवारी
नारी जो यो विश्वको संहारकर्ता अनि सृष्टिकर्ता
नारी पनि त बनेका छन् आज संसारमा राष्ट्र निर्माता
नारीप्रति गरिने हत्या, हिंसा र दुर्व्यवहारलाई हटाऔँ
उनले पाउनुपर्ने हक, अधिकार र स्वतन्त्रता अवश्य दिलाऔँ
नारीको हरेक लगनशीलता र सहनशीलतालाई हामीले बुझौँ
नारीको महत्त्व वा अस्तित्वमाथि सबैले प्रकाश पारौँ ।

### नेपालै के कस्तो !

✍ जयन्त पौडेल 'आश्रम'

लौन कोही बताई देउन,
नेपालै के कस्तो
धनी छ कि गरीबै,
या केही छैन ।

हुन त भन्नलाई भन्छन्
नेपाल देशै सुन्दर,
त्यसमाथि जलैको धनी देश
खान भने नपाइने ।

अनि कृषिप्रधानै भन्छन्
खेती गर्ने कसले
मान्छे सबै गए विदेशै
टाटै पल्टियो खेतै

त्यस्तै भन्नलाई थाक्दैनन्
हरियो बन बारे,
तर छैन फेरि त्यस्तो
बरु छ नसुहाउने

भन्दा धार्मिक पक्षै राम्रो,
त्यहाँ पनि त्यस्तै,
छैन भन्याझैँ त्यस्तो
बरु छ अस्त व्यस्तै ।

अब यसरी जतातते
भएपछि अल्पत्रै,
बोल बोल मछ्डीझैँ
न मुखैभरि पानी ।

### देश रोएको बेला

✍ राजचल

आजभोलि मेरो देशमा
भेलसँगै आँसु बगिरहेछ ।
धनजनको क्षति भई
पीडाका आवाज गुञ्जिरहेछ ।

टुहुरो भयो, विधुवा भयो
आशा सबै मरेर गयो
मरेका त मरेर गयो
बाँचेकाहरूको बिजोग भयो ।

मन भयो छियाछिया
गरुँ कसरी म बयान
आफ्नै आँखा अघि पछि
हजारौँको हुँदा एकै चिहान ।

कहिले आगो, कहिले पानी
क्षणभरमै जीवन बिलाएर गयो
के नै छ र बाँकी जीवनमा
बाँच्न नपाई, मृत्युसँगै भेल भएर गयो ।

# कार्की आयेगको प्रतिवेदनको सार सङ्क्षेप – १२०

**भदौ २३ गते बानेश्वरको घटनामा प्रमाण सुरक्षित नहुनु**

भदौ २३ गते बानेश्वर क्षेत्रमा भएको प्रदर्शनकारी र सुरक्षा बलबिच भएको भिडन्तमा सुरक्षा निकायबाट घातक बल पनि प्रयोग भएको थियो। घटनापछि प्रमाणको रूपमा त्यहाँ प्रयोग भएका हतियारको खोकासमेतको सुरक्षित रेकर्ड राख्नुपर्दथ्यो। तर, राखिएको देखिँदैन। सो रेकर्ड नहुनुका कारणहरूमा भदौ २३ गते साँझसम्म बानेश्वर क्षेत्रमा तनावको स्थिति रहेको र सन्त्रासको वातावरण रहेकोले पनि प्रमाण सङ्कलन नभएको हुनसक्छ। भदौ २४ गते बिहान सङ्घीय संसद् भवन परिसर बाहिरको एरिया प्रहरीले घेरी सबुद प्रमाण सङ्कलन गरिनु पर्थ्यो। तत्कालका लागि सङ्घीय संसद् भवन परिसर वरपरको स्थितिको नियन्त्रण गर्नु नै सुरक्षाकर्मीहरूको पहिलो प्राथमिकता रहेको हुन सक्छ। प्रमाण सङ्कलन र सङ्कलित प्रमाणको संरक्षण दोस्रो प्राथमिकतामा परेको हुनुपर्छ। उक्त क्षेत्रमा पत्रकार, प्रदर्शनकारी र पैदल यात्री, सवारी साधनहरूको आवतजावतले घटनास्थल सुरक्षित नभई सबुद प्रमाणमा छेडखानी भएको पनि हुन सक्छ। सबुद प्रमाण संरक्षण गर्दा प्रहरीले आफूविरुद्ध प्रमाण लाग्ने डरले वास्ता नगरेको पनि हुन सक्छ। नेपाल प्रहरी र सशस्त्र प्रहरी बलबाट फायर भएको हतियार सिल गरी फरेन्सिक जाँचका लागि सुरक्षित राख्नुपर्नेमा सो गरेको देखिँदैन। सबुद प्रमाण सुरक्षित भए मिडिया, अदालत, मानव अधिकार संस्थालगायत सरकारी आयोग र अन्य स्वतन्त्र निकायले छानबिन गर्न सक्ने तर सो अभावमा केही नहुने भनी उल्लेखित सबुद प्रमाण सङ्कलन नगर्ने सुरक्षा अधिकारीहरूको मनसाय रहेको हुनसक्छ। उल्लेखित जेसुकै कारण भए पनि प्रहरीले सबुद सङ्कलन गर्न खासै ध्यान दिइएको पाइँदैन।

भदौ २३ गते को कसले बोकेको कुन हतियारबाट फायर भएको हो भनी यकिन गर्न उक्त दिन गोली चलेको प्रहरीका हतियारहरू सिल गरेर सुरक्षित राख्नुपर्नेमा सो बिल्कुलै नगरेको र भदौ २३ गते मुख्य घटनास्थल रहेको सङ्घीय संसद् भवन परिसरभित्र बाहिर फायर भएका गोलीका खोकाहरू सङ्कलन गरी सुरक्षित राखेको अभिलेख नभएको भनी प्रहरी अधिकृतहरूले आयोगसमक्ष बयानमा उल्लेख गरेको पाइन्छ।

नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका प्रहरी महानिरीक्षकहरूसँग भदौ २३ गते सङ्घीय संसद् भवन परिसरमा कुन हातहतियारबाट कुन प्रहरीले कति सङ्ख्यामा गोली प्रहार गरेको हो ? निजले प्रहरी कोतबाट उक्त दिन के-कति सङ्ख्यामा हातहतियार, गोलीगट्ठा बुझे र कति खर्च गरे ? सो हतियार र बाँकी कति गोलीगट्ठा प्रहरी कोतमा फिर्ता गरे ? भन्ने सम्बन्धमा नेपाल प्रहरी र सशस्त्र प्रहरी बल नेपालका प्रहरी महानिरीक्षकहरूले आयोगसमक्ष दिएको बयानमा उल्लेख गर्न सकेको देखिन आएन।

**TOB (तिब्बेतन ओरिजिनल ब्लड)**

TOB (Tibetan Original Blood) समूह सन् २०२४ को मध्य जून महिनादेखि सक्रिय रहेको देखिन्छ र त्यही समयदेखि इन्स्ट्राग्राममा "T.O.B. - Blood" नामक पेजबाट र टिकटकमा पनि यससम्बन्धी सामग्रीहरू भेटिन थालेको थियो। सुरुमा केही सदस्यले आफूलाई तिब्बती/भोटेसँग जोडी गर्व जनाउन टीओबी शब्द 'तिब्बेतन ओरिजिनल ब्लड' को रुपमा प्रयोग गरेको पाइन्छ। यो तिब्बेतन (बौद्ध/तिब्बती) पहिचान र आम-परिचयको सङ्केतका लागि प्रयोग हुने एउटा ट्यागलाइन हो। जहाँ युवाहरूले आफ्नो तिब्बती जड/रगत (वंश) र संस्कृतिलाई गर्वका साथ देखाउन चाहन्छन्। सामान्यतया टीओबीमा हुने भावमा असली तिब्बती हुनु, आफ्नो अधिकार/पहिचानको लागि लड्नु र युवामाझ आफ्नो पहिचान/अस्मिता सङ्कटमा छ भन्ने इङ्कित गर्नलाई टीओबी प्रयोगमा ल्याइएको पाइन्छ। उनीहरूको भनाइमा यो ग्रुप राजनीतिक/पृथकतावादी नभई सांस्कृतिक/व्यक्तिगत पहिचानको लागि सङ्गठित भएको हो। टीओबी समूह आफैँले केही समय पछि परिवर्तन गरी 'द ओरिजिनल ब्रदर्स' भन्ने नयाँ नाम राखेको पाइन्छ। टीओबी मुख्यत: मोटरसाइकल प्रेमी/बाइकर्स समूह हो। जसमा विभिन्न जातजातीका युवाहरूको सहभागिता छ। जेन्जी आन्दोलनका बेला टीओबी (तिब्बेतन ओरिजिनल ब्लड) लेखिएका टि-सर्ट लगाएका कमान्डरले 'मेरो देश मेरो शान, मेरो देश मलाई फिर्ता देऊ' भन्ने आपत्तिजनक अभिव्यक्तिले तिब्बती राज्य इङ्गित गर्न खोजेको भन्ने विषय पनि निकै चर्चामा रहयो। टीओबी भनेको तिब्बती पृथकतावादीहरूको ग्रुप हो; नेपालमा विदेशी एजेन्ट हो र एउटा हिंसात्मक समूह हो भनेर पनि प्रचार-प्रसार भयो। टीओबी (तिब्बेतन ओरिजिनल ब्लड) अर्थले 'स्वतन्त्र तिब्बत' सम्बन्धी राजनीतिक गतिविधिसँग जोडेर हेर्न थालियो। तर, नेपाल प्रहरीले हालसालै गरेको अनुसन्धानमा टीओबीको राजनीतिक अथवा सेपेरिटिस्ट उद्देश्य नरहेको प्रस्ट पारेको छ।

टीओबी समूहको अरू कुनै राजनीतिक उद्देश्य रहेको नदेखिएको भए तापनि भदौ २३ गतेको प्रदर्शनमा यो ग्रुप मोटरसाइकलमा चावहिल ओम अस्पताल नजिकबाट धोबिखोला करिडोर हुँदै बिजुलीबजारतिरबाट आई भिडलाई उक्साई उग्र बनाउने कार्य भने गरेको पाइन्छ। यदि भिडलाई उक्साउने कार्य हुन्छ भने र त्यसले हिंसा बढाउँछ भने आपराधिक कार्य हुन्छ। भदौ २३ गतेको टीओबी ग्रुपबाट गरिएको उक्साहटको कार्यलाई सामान्य कार्य भनी भन्न मिल्ने अवस्था छैन।

# द्वन्द्ववादको एक आधारभूत नियम मात्राको गुणमा परिवर्तन

काठमाडौँ, २ असोज। द्वन्द्ववादमा तीन नियममध्ये मात्राको गुणमा परिवर्तन पनि हो। भौतिकवादी द्वन्द्ववादको आधारभूत नियममा विरोधीहरूबिच एकता र सङ्घर्षमात्र होइन कुनै वस्तुमा दुई परस्परविरोधीबिच सङ्घर्ष हुँदा कुनै एक पक्षको विजय हुन्छ अर्थात् नयाँ तत्त्वको विकास हुन्छ। यो नै एक परिवर्तनको दृष्टान्त हो। यो परिवर्तन दुई प्रकारको हुन्छ। एक मात्रात्मक र अर्को गुणात्मक।

कुनै वस्तुमा क्रमश: विकास हुनु, विकास हुँदा स्वरूप र गुणमा फरक देखिँदैन भने त्यो मात्रात्मक परिवर्तन हो। यदि त्यसको स्वरूप र गुणमै परिवर्तन हुन्छ भने त्यो गुणात्मक परिवर्तन हो। पानी तताउँदा पानी तातिँदै जानु मात्रात्मक परिवर्तन हो भने पानी तताउँदा तताउँदै वाफमा परिवर्तन हुनु गुणात्मक परिवर्तन हो।

सन् १९१७ मा रूसमा राजनीतिक क्रान्ति भयो। क्रान्ति हुनुअघि रूसमा सामन्त र पुँजीवादी व्यवस्था थियो या पुँजीपतिहरूको हातमा सरकारको नेतृत्व थियो। पुँजीवादी व्यवस्थामा पुँजीपतिहरूले श्रमजीवी जनतालाई शोषण, दमन गरेको कारण त्यहाँ श्रमजीवी जनता सचेत र सङ्गठित हुँदै गए। सन् १९०५ मा आन्दोलन भयो। आन्दोलनको क्रममा कमी कमजोरी पनि देखियो; यसबाट शिक्षा लिँदै सुधार्दै लग्यो। यो मात्रात्मक परिवर्तन हो। १९१७ मा क्रान्ति सफल भयो। पुँजीपतिवर्गको सरकार ढल्यो र श्रमजीवीवर्गको हातमा सत्ता आयो। यो गुणात्मक परिवर्तन हो।

मात्रात्मक परिवर्तन भनेको मन्दगतिमा हुने परिवर्तन हो भने गुणात्मक परिवर्तन सरकारको नेतृत्व परिवर्तन मात्र होइन बहुमत जनताको हितमा मौलिक परिवर्तन हुनु हो। नेपालको सन्दर्भमा २०४६ सालको आन्दोलनले प्राप्त गरेको बहुदलीय व्यवस्थाको स्थापना मात्रात्मक परिवर्तन हो भने २०६२/६३ सालको आन्दोलनबाट प्राप्त भएको गणतन्त्र गुणात्मक परिवर्तन हो। त्यो गुणात्मक परिवर्तनलाई अझ फेरि गुणात्मक परवर्तन गरेर समाजवादी गणतन्त्र ल्याउनुपर्ने हुन्छ। यस अर्थमा अहिले पनि सङ्घर्षको खाँचो हुन्छ। परिवर्तनको क्रममा जनता अझ सचेत, सङ्गठित हुँदै जानेछन्। एक समय, सामन्त, प्रतिक्रियावादी, पुँजीपतिहरू बलिया थिए, सरकार उनीहरूको हातमा थियो। त्यसबेला जनता कमजोर हुनु स्वाभाविक थियो। तर, क्षणिक हुन्थ्यो। तर, त्यो क्षण सधैँ एउटै हुँदैन। जनता सचेत, सङ्गठित मात्र होइन विरोधी पक्षले जनतालाई धेरै अन्याय, शोषण, दमन गरेपछि उनीहरू जाग्छन् र आन्दोलन हुन्छ। सत्ता नै बदलेको हुन्छ। यसरी देशको मात्राको गुणमा परिवर्तन हुन्छ। त्यो परिवर्तन कहिले मात्रात्मक र कहिले गुणात्मक हुन्छ।

# स्थानीय स्काउट कार्यालय भक्तपुर नगरपालिकाबाट नुवाकोटमा राहत वितरण

भक्तपुर, २ असोज। नेपाल स्काउट बाग्मती स्काउट स्थानीय स्काउट कार्यालय भक्तपुर नगरपालिकाले भदौ १० गते भोटेकोसी नदीमा आएको हिमबाढीबाट पीडितलाई नुवाकोटमा राहत वितरण कार्यक्रम सम्पन्न गर्यो।

लायन्स इन्टरनेसनल, कस्मिक बचत तथा ऋण सहकारी संस्था लि. र मन्टेश्वरी एजुकेसन स्कूलको सहयोगमा प्राप्त विभिन्न राहत सामग्रीहरू स्थानीय स्काउट कार्यालय भक्तपुर नगरपालिकाले नुवाकोटको विदुर नगरपालिका पुगेर पीडितहरूसमक्ष हस्तान्तरण गरेको हो।

त्रिशुलीको देवीघाट र बेत्रावतीका बाढी पीडितहरूलाई आवश्यक पर्ने राहत




सामग्रीहरू साबेल, बाल्टिन, वाटर बुट, पन्जा, स्लिपरलगायतका सामग्रीहरू दुई सयभन्दा बढी पीडितहरूलाई वितरण गरेको स्थानीय स्काउट भक्तपुर नगरपालिकाका स्थानीय प्रमुख आयुक्त बालकृष्ण वनमालाले बताउनुभयो। वितरण भएका राहत सामग्रीले पीडितलाई केही भए पनि सहयोग पुगेको उहाँको भनाइ छ।

बाढी पीडितहरूको भनाइअनुसार अब राहत पठाउनेले माटो ओसार्ने गाडा र औषधिको व्यवस्था भए थप राहत मिल्नेछ।

बिहीबार भएको राहत वितरण कार्यक्रममा नेपाल स्काउट बागमती स्काउट स्थानीय स्काउट कार्यालय भक्तपुर नगरपालिकाका कार्य समितिका पदाधिकारीहरू, सल्लाहकार, पार्षद सदस्य र निओ फ्युजन रोभर रेञ्जर क्रुका स्काउटहरूको सहभागिता रहेको थियो।

राहत वितरण कार्यक्रममा सहभागीहरूले बाढीबाट क्षति भएको घर र पसलभित्रबाट सामानहरू बाहिर निकाल्ने काममा सहयोग गरेका थिए।

*भक्तपुर....*

भित्री अङ्गहरूलाई बलियो बनाउन सहयोग गर्ने उहाँको भनाइ थियो।

त्यस्तै, विद्यार्थी निकेतनका प्रधानाध्यापक एन.बी. खाताखोले ताइची प्रशिक्षणका लागि विद्यालयको स्थान उपलब्ध गराउन पाउँदा खुसी लागेको बताउनुभयो।

ताइची प्रशिक्षक रूपेश जकिबञ्जारले ताइची उसु खेलसँग सम्बन्धित रहेको बताउँदै यो खेल युवा तथा ज्येष्ठ नागरिक दुवैका लागि उपयुक्त रहेको उल्लेख गर्नुभयो। नियमित व्यायामसँगै खानपानमा पनि ध्यान दिन सके स्वास्थ्यमा धेरै फाइदा पुग्ने उहाँको भनाइ थियो।

भक्तपुर नगरपालिका वडा नं. ४ का वडाध्यक्ष उपेन्द्र सुवालले ताइची उसु खेलकै एक पद्धति रहेको बताउनुभयो। हाल प्रशिक्षार्थीहरूलाई छिकोङसम्बन्धी अभ्यास सिकाइरहेको उहाँले जानकारी दिनुभयो। उहाँले स्वास्थ्यको दृष्टिले ताइची निकै उपयोगी रहेको बताउनुभयो।

कार्यक्रममा भक्तपुर नगरपालिकाका कार्यपालिका सदस्यहरू सुनिता अवाल र रञ्जना त्वातीले पनि बोल्नुभएको थियो।

*समाजवादउन्मुख...*

सरकारको नेतृत्व ठुला दलका नेताहरूले नै गरेका हुन्। अत: संविधानमा उल्लेख भएको तीन प्रतिशतको मत सीमा खारेज गर्नुपर्छ। दल सही हो या होइन भन्ने आधार पार्टीले पाएको मत होइन। जनताको मत बढी पाएर पनि देशघाती, जनघाती काम गर्छ भने त्यो दल यथार्थमा 'राष्ट्रिय' पार्टी हुँदैन।

राष्ट्रपति प्रत्यक्ष निर्वाचनबाट चुन्ने, सांसदहरू मन्त्री बन्न नपाउने र देशको आवश्यकताअनुसार राष्ट्रपतिबाट मन्त्री छान्ने व्यवस्था गर्नुपर्छ भन्ने मत पनि छ। कुनै पनि नेपाली नागरिकले विदेशमा सम्पत्ति राख्न नपाउने र सम्पत्तिको सीमाङ्कन गर्नुपर्ने चर्चा पनि छ। जसले जतिसुकै कमाउन पाउने, जतिसुकै रकम थुपार्न पाउने देशको बन्दोबस्तले गर्दा देशमा पदको दुरूपयोग गरी अकुत सम्पत्ति कुम्ल्याइएको हो; भ्रष्टाचार र अनियमितता गरिएको हो। शासक दलका नेता, मन्त्री, सांसद, कति ठुलठुला उद्योगी, व्यापारी, व्यवसायीसँग मेहनत गरेर कमाएको पैसाभन्दा अनियमित गरी कमाएको पैसा बढी रहेको अर्थविद्हरूको भनाइ रहेको छ। यसकारण, विदेशमा सम्पत्ति राख्न नपाउने, व्यक्तिको सम्पत्ति सीमाङ्कन गर्नुपर्ने देखिन्छ। भ्रष्टाचारीहरूमाथि छानबिन गर्ने र दोषी ठहरिए सम्पत्ति जफत गरी उनीहरूलाई हदैसम्मको कारबाही गर्नुपर्छ।

२०७२ देखि असोज ३ को दिनलाई संविधान दिवस मनाइँदै आएको छ। संविधान व्यवहारमा लागू गरेर हर्षोल्लास गर्नुपर्ने बेला सरकारी भवनमा आगजनी भएको छ; युवाहरू ढलेका छन्। सारमा, देश रोएको छ। बोराका बोरा नोट, किलोका किलो सुन शासकहरूको कोठामा भएको खबरले साँच्चै शासकहरूको नियत के रहेछ भन्ने अड्कल गर्न सकिन्छ। ट्रान्सपरेन्सीले भ्रष्टाचारबाट मुक्त हुन, एम्नेस्टीले मानव अधिकार हनन नगर्न सरकारलाई खबरदारी नगरेका होइनन्। राजनीतिक विश्लेषकहरूले इमानदारी र नि:स्वार्थपूर्वक राजनीति गर्न नसुझाएका होइनन्। भुटानी शरणार्थी, ललिता निवास, बाँसबारी गिरीबन्धु, बाल मन्दिर, सेरा दरबार आदि प्रकरणबारे छिनोफानो गर्न नागरिक समाजले खबरदारी नगरेको होइन। यसबारे सत्यतथ्य छानबिन गर्न सरकार अघि बढेन। यी सबै कारणले जनतामा छाएको निराशा हटेको छैन।

नयाँ पुस्ताको आन्दोलन एकाएक भएको होइन। युवाहरूले लामो समयदेखि सरकारले गरिरहेको गतिविधि नियाल्दै थिए। सरकार नसुध्रिने स्थितिमा पुगेपछि, देश र जनता भुलेर दलगत र व्यक्तिगत स्वार्थमा लागेपछि, देशको राजस्वमा दाइँ गर्न थालेपछि निस्केको असन्तोषको स्वर हो विरोध प्रदर्शन। मानव बेचबिखन भए पनि, मान्छेलाई अपहरण र बेपत्ता पारे पनि, महिलालाई वेश्यालय पुर्याए पनि, पदको दुरूपयोग गरेर अकुत सम्पत्ति कमाए पनि सरकार मौन रहेपछि आन्दोलन स्वाभाविक हो।

ठुला दलका शासकहरूले प्राप्त गरेको मतको आधारमा राजस्वको रकम लिने मनसाय पनि नराखेका होइनन्। यसरी देशको सम्पत्तिमा आँखा गाड्ने काम अहिले पनि भएको छ। शासकहरूको यस्तै यस्तै स्वार्थले गर्दा देशमा विरोधको स्वर सल्केको हो। अत: समाजको आवश्यकताअनुसार संविधान हेरफेर गर्नु अन्यथा होइन। तर, संविधान हेरफेर आवेशमा, लहैलहैमा या विदेशी इसारामा गर्नु सही होइन।

जिल्ला-जिल्लामा जनताले प्रश्न गरेका छन् - लाखौं युवा बिदेसिन किन बाध्य छन् ? संविधानले निश्चित गरेका मौलिक अधिकार खोइ ? दलहरू भ्रष्ट भए, जनतालाई निराश बनाए। सरकार पारदर्शी भएन। शिक्षाको स्तर खस्कियो। स्वार्थको लागि सिद्धान्त र विचारै नमिल्ने दलसँग किन गठबन्धन भयो ? निर्वाचनमा दलको सिद्धान्त र विचार प्रचार नगरी पैसा बाँड्ने, भोजभतेर गर्ने, लोभलालच देखाउने काम किन भयो ? जनतालाई सरकारमा पुर्याउने माध्यम मात्र किन बनायो ? देश भष्टाचार बढी हुने देशमा कसरी पर्यो ? यी यावत् प्रश्नले सरकार सही नभएको थाहा हुन्छ। अहिलेको सरकार विगतको जस्तो नहोस् भन्ने व्यापक जनताको चाहना हो, युवाहरूको आवाज हो।


## हार्दिक समवेदना



जन्म : २००५/०९/११
निधन: २०८३/०५/०९

भक्तपुर जिल्ला हाल भ.न.पा. वडा नं. ७, गोल्मढी टोल बस्ने यस संस्थाका सदस्यता नं. १०९६२ का सदस्य **अन्तेश्वरी मुल**को असामयिक निधन भएकोमा मृतकप्रति भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै शोकसन्तप्त परिवारजनमा हार्दिक समवेदना व्यक्त गर्दछ।

**सिद्धि गणेश बचत तथा ऋण सहकारी संस्था लि.**
भ.न.पा.-७, चोर्चा, भक्तपुर



**नेपाल सरकार**
**भूमि व्यवस्था, सहकारी, सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय**
**भूमि समस्या समाधान समिति**
ताहाचल, काठमाडौँ

**भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीले निवेदन दिनेसम्बन्धी पैँतीस (३५) दिने सूचना**

**प्रथम पटक सूचना प्रकाशन मिति : २०८३/०५/०२ गते**

भूमि समस्या समाधान समितिले भूमिहीन दलित तथा भूमिहीन सुकुमवासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि देहायअनुसारका स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुमवासी र अव्यवस्थित बसोबासीले जग्गा पाउन समितिले तोकेको ढाँचाबमोजिम निवेदन फाराम भरी मिति २०८३/०५/२ देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत सङ्कलकमार्फत पेस गर्नुहुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ।

**तपसिल**

| प्रदेश | जिल्ला | स्थानीय तहको नाम |
|---|---|---|
| वाग्मती | भक्तपुर | भक्तपुर नगरपालिका |



प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: चक्रबहादुर चाकतु★कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा